अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ को कार्यसम्पादन प्रतिवेदन

(विद्यमान अवस्था, समस्या र सुझाव)

प्रतिवेदन पेश गरिएको निकाय

गृह मन्त्रालय

सिंहदरवार, काठमाडौं

प्रतिवेदन प्रस्तुत गर्ने निकाय

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाचँबुझ आयोग, २०८१

२०८२/०३/१६

विषयसुची

विषय | पेज नं.

आयोगको भनाइ

१ पृष्ठभूमिः १

२. हालको आयोगको गठन र कार्यदिश ३

आयोगको कार्यदिश (TOR):- ३

३. आयोगले सम्पादन गरेका मुख्य कार्य र प्रक्रिया ५

३.१. बैठक, छलफल र स्थलगत अनुगमन ५

३.२. दस्तावेजहरुको अध्ययन तथा विश्लेषण ७

४. आयोगको कार्यसम्पादनको सीमा (Limitations) ७

५. अनुचित लेनदेन (मिटरब्याज) पीडितलाई न्याय दिने विषयसँग सम्बन्धित कानूनी व्यवस्था...... ८

६.अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी प्रमुख समस्याहरु ११

७.समस्या समाधानका लागि आयोगले गरेका प्रयासहरु १५

८.समस्या समाधानका लागि सुझाव १९

अनुसूचीहरु २५

अनुसुची (क)- अनुचित लेनदेन सम्बन्धी निवेदन तथा उजुरीको जिल्लागत विवरण र फछ्र्यौटको अवस्था २५

अनुसुची (ख)- उजुरीहरुको प्राथमिकीकरण तथा वर्गिकरण २९

अनुसूची (ग)-वर्तमान कानूनमा संसोधन गर्नुपर्ने विषयको मस्यौदा ३०

अनुसूची (घ)- अनुचित लेनदेन मेलमिलाप निर्देशिका, २०८२ .... ३१

अनुसूची (ङ)-अतिरिक्त आर्थिक सुविधा (Incentive) को लागि प्रस्ताव गरिएका जिल्लाहरु........ ४७

अनुसूची (च)- बैंक तथा वितीय संस्था र सहकारीमा प्रचलित ब्याजदर तथा सेवाशूल्क ४८

अनुसूची (छ)- आयोगबाट जिल्लामा भएका परिपत्रहरु तथा पत्राचार ५०

अनुसूची (ज)- आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरु ५९

आयोगको भनाइ

आफ्नो तत्कालको गर्जो टानर्को लागि बैंक, बित्तीय संस्था वा सहकारी संस्था जस्ता स्थापित निकायबाट कर्जा लिन सहज नभएको अवस्थामा सहजै कर्जा लिन सकिने व्यक्तिबाट चलन चल्ती भन्दा बढी ब्याज कबुल गरेर ऋण सापटी लिने परिपाटी र कवुल गरेको ब्याज सहित पूर्व निर्धारीत समय सीमाभित्र सावा ब्याज फिर्ता गर्ने चलन हिमाल, पहाड तराई सबैतिर प्रचलनमा रहेकै व्यवस्था हो । दुई वटा पक्षका बीचमा स्वतन्त्रता पूर्वक र विना कुनै करकाप भएको करोवारलाई अन्यथा मान्नु पर्ने अवस्था होइन । तथापि कुनै समाजमा ऋणीलाई अप्ठयारो परेको अवस्थाको प्रयोग गरेर कल्पनै गर्न नसकिने किसिमबाट साहू अर्थात लगानिकर्ताले ऋणीसँग लेनदेन भएको रकमको ३/४/५ गुणासम्म बढीको तमसुक गराउने, ऋणीको जग्गा पनि कर्जा चुक्ता गरेका वखत फिर्ता गर्ने शर्तमा राजिनामा पारित गराई लिने र सोही कर्जाको सुरक्षण भन्दै रकम उल्लेख नगरिएका चेक (blank cheque) मा ऋणीलाई हस्ताक्षर गराएर चेक लिने जस्ता चरम अन्यायपूर्ण अर्थात् अनुचित लेनदेन (मिटरब्याज) का कार्यहरु हुँदै आएको अवस्थालाई सम्बोधन गरेर मिटरब्याज पीडितलाई न्याय दिने पवित्र उद्देश्यले नेपाल सरकारले समय समयमा मन्त्रालयस्तरमा समिति गठन गर्ने तथा जाँचबुझ आयोग ऐन, २०२६ अर्न्तगत जाँचबुझ आयोग गठन गर्ने सिलसिलामा यस सम्बन्धी गठन गरिएको यो तेस्रो आयोग हो।

लेनदेनको विषय देवानी प्रकृतिको भए तापनि अनुचित लेनदेनलाई फौजदारी कसुर कायम गरेर मुलुकी अपराध संहिता,२०७४ मा संशोधन गरिएको अवस्था एकातिर छ भने अर्कोतिर घरसारमा दुई पक्ष बीच भएका लेनदेनको लिखतको विश्वासनियताको लागि त्यस्ता लिखत स्थानीय निकायबाट प्रमाणीकरण गर्नु पर्ने कानूनी व्यवस्था पनि गरिएको छ। यी कानूनहरु निर्माण हुनु भन्दा अगाडिका अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित भएका व्यक्तिहरुलाई समेत न्याय दिने अभिप्रायबाट नेपाल सरकारबाट विभिन्न प्रयास गरिएको भएतापनि पीडितका समस्या प्रभावकारी रुपमा सबोधन हुन सकेको पाइएन। पीडितहरुलाई न्याय दिलाउने सन्दर्भमा पीडितका पक्षबाट विभिन्न आन्दोलन समेत भएका र हाल पनि मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन, नेपाल भनी मुलुकभरबाट प्रतिनिधित्व भएको एउटा अनौपचारिक संस्था (औपचारिक रुपमा कतै दर्ता नभएको) अनुचित लेनदेन (मिटरब्याज) पीडितहरुलाई न्याय दिलाउन क्रियाशील रहेको अवस्था छ।

नेपाल सरकारले अनुचित लेनदेन (मिटरब्याज) पीडितहरुको समस्या समाधान गर्ने अभिप्रायबाट यो आयोग गठन गरेर हामीबाट धेरै अपेक्षा गरेको भए पनि विषयवस्तुको जटिलता, प्रचलित कानूनी व्यवस्था, हाम्रो भौगोलिक विकटता तथा आयोगका कानूनी सीमा तथा व्यवहारिक कठिनाईका कारण अपेक्षित प्रतिफल प्राप्त नभए पनि अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषय कसरी निराकरण

हुन सक्छ भन्ने विषयमा व्यापक अध्ययन, छलफल र अन्तरक्रिया गरेर तोकिएको समय सीमाभित्रै यो प्रतिवेदन प्रस्तुत गरिएको छ। यस किसिमको आयोगलाई पीडित तथा पीडितका प्रतिनिधिले सबै समस्याको समाधान गर्ने थलोको रुपमा बुझेका भए पनि जाँचबुझ आयोग ऐन, २०२६ को प्रस्तावना तथा समग्र व्यवस्थाको आलोकमा यस आयोगलाई कार्यकारी अधिकार प्रयोग गर्ने क्षेत्राधिकार छैन। अध्ययन र सिफारिसको क्रममा उक्त कानूनी व्यवस्थाको परिपालना होस् भन्ने कुरालाई पनि दृष्टिगत गरिएको छ। यस प्रतिवेदनमा दिइएका सुझावलाई नेपाल सरकारले यथाशीघ्र कार्यान्वयन गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं । यी सुझावहरु इमानदारिताका साथ कार्यान्वयन गरिएमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी पीडितका पहिलादेखि गुम्सिएर बसेका अधिकांश समस्या धेरै हदसम्म समाधान भएर पीडितले न्याय पाएको अनुभूति गर्नेछन् भन्ने कुरामा पनि आयोग आशावादी छ।

अन्त्यमा, हामीलाई विश्वास गरेर यो महत्वपूर्ण कार्यको जिम्मेवारी प्रदान गर्नुहुने नेपाल सरकार, मन्त्रिपरिषद् र खासगरी माननीय गृह मन्त्री श्री रमेश लेखकज्यूप्रति आभार व्यक्त गर्न चाहन्छौं। आयोगको सम्पूर्ण व्यवस्थापकीय कार्य तथा यो प्रतिवेदन तयार गर्ने कार्यमा पूर्ण सहयोग गर्ने आयोगमा काजमा खटिएका गृह मन्त्रालयका उपसचिव श्री मीना अर्याल, शाखा अधिकृत श्री रुपेश विश्वकर्मा, नायव सुब्बा श्री बिदुर सुवेदी, कम्प्युटर अपरेटर श्री दिपेन्द्र दाहाल र कार्यालय सहयोगी श्री जगत रिजाललाई हार्दिक धन्यवाद छ।

त्यसैगरी, आयोगको काममा सहयोग गर्नुहुने गृह मन्त्रालयका सम्बन्धित पदाधिकारीहरु, सबै प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु, जिल्ला प्रहरी प्रमुख र सम्बन्धित सुरक्षाकर्मीहरु, जिल्ला न्यायाधिवक्ता र सो कार्यालयका सम्बन्धित कर्मचारीहरु, अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित भै आयोगसँग सम्पर्कमा रहेका व्यक्तिहरु तथा मिटरब्याज पीडित मजदूर किसान आन्दोलन, नेपालका पदाधिकारीहरुलाई पनि आवश्यक सहयोग र सुझावका लागि हार्दिक धन्यवाद छ।

१ पृष्ठभूमि:

मानिस एक सामाजिक प्राणी भएकोले आवश्यकता तथा समस्याको संबोधन गर्न स्वभावैले अर्कोको साथ सहयोग आवश्यक पर्दछ। यसरी एउटै समाजमा रहँदा समाजका सदस्यहरुले आफुलाई आवश्यक परेको वस्तु तथा सेवा सोही समाजकै अर्को सदस्यबाट प्राप्त गर्ने (सापटी वा पैंचो) परम्पराको शुरुआत ऐतिहासिक कालदेखि नै भएको पाईन्छ। त्यस्ता परम्परा आजको २१ औं शताब्दिसम्म आईपुग्दा समेत कुनै न कुनै रुपमा प्रयोगमा रहेको पाइन्छ।

नेपाली समाजमा पनि ऋण, सापटी, लेनदेन जस्ता प्रचलन तथा परम्परा परापूर्वकालदेखि हालसम्म रहेको पाइन्छ । नेपालको हिमाल, पहाड, तराईमा आ-आफ्नै प्रकारका लेनदेनका प्रथा तथा परम्पराहरु रहेका छन्। विशेषगरी गाँउमा यस प्रकारका अनौपचारिक लेनदेनका अभ्यास अझ बढी मात्रामा हुने गरेको पाईन्छ।

वास्तवमा लेनदेन (सापटी, ऋण) मानव सभ्यताको विकासक्रमसँगै शुरु भएको मान्न सकिन्छ। त्यस समयमा नैतिक पक्ष (नैतिकता) र पाप धर्मको ख्याल गर्ने परिपाटीका कारण समयमा नै ऋण तिर्ने/फिर्ता गर्ने, साहु महाजनले पनि गरीबको मर्का बुझ्ने गरेको भएतापनि हाल विविध कारणले समयमा नै लिएको रकम फिर्ता नगर्ने, केही दिनपछि तिर्छु भन्ने तर नतिर्ने प्रवृत्तिहरु पनि बढ्दै गएको पाईन्छ। साथै साहु महाजनले पनि अत्यन्तै चर्को ब्याज लिने, भुक्तानीको अवधि छोटो राखी ब्याज पनि साँवामा जोड्दै जाने, ऋणीले तिरेको रकमको यथार्थ हिसाव नराख्ने जस्ता प्रवृत्ति पनि विद्यमान रहेका छन्।

नेपालको सन्दर्भमा हेर्दा मल्लकालमा शंखधर साख्वाले जनताका ऋण तिरी दिएर ऋण मुक्त गराएका र ऋण मुक्त गराएको समयदेखि नेपाल संवत् शुरु भएको ऐतिहासिक दस्तावेजहरुले स्पष्ट गरेका छन्। शंखधर साख्वाले जनताका ऋण तिरी दिएर ऋण मुक्त गराएका कारण निजलाई नेपालको राष्ट्रिय विभूती घोषणा गरिएको सन्दर्भबाट पनि नेपाली समाजमा परापूर्वकालदेखि नै साहु र ऋणी रहेको र तिनीहरुले आर्थिक कारोबार गर्ने गरेको भन्ने कुरामा स्पष्ट हुन सकिन्छ।

परम्परागत रुपमा साहूले ऋण दिनका लागि प्रमाण स्वरुप साक्षी राख्ने, ऋणीबाट तमसुक गराउने, जग्गा/जमिन पास गराउने वा सुनचाँदी धितो राख्ने गरेको पाईन्छ। लेनदेन व्यवहारिक जीवनको नियमित प्रक्रिया हो। मानिसको आवश्यकता, कारोबार तथा आर्थिक हैसियतका आधारमा धेरथोर लेनदेन सबैले गरेकै हुन्छन् । लेनदेनले मानिसको व्यवहारिक जीवनका नियमित, आकस्मिक तथा भैपरी आउने आर्थिक तथा सामाजिक गर्जो टार्ने काममा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ।

समयको विकाससँगै आफ्ना अत्यावश्यक आवश्यकता पुरा गर्नको लागि समाजमा प्रचलनमा रहेको ब्याज भन्दा केही चर्को ब्याज कबुल गरेर ऋण लिने र ब्याज तथा सावा फिर्ता गर्ने चलन नेपालका विभिन्न स्थानमा रहेको पाइन्छ। तथापि, कतिपय मानिसहरुमा नैतिकता, इमान्दारिता, जवाफदेहिता जस्ता पक्षमा कमी आउँदै गई पैसा नै सब थोक हो भन्ने गलत सोचको विकास हुँदै गए बमोजिम अनुचित लेनदेन (मिटरब्याज) ले स्थान लिँदै गएको देखिन्छ। मिटरब्याजीले निरक्षर, गरीब तथा आर्थिक रुपले अप्ठ्यारोमा परेका व्यक्तिसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेन भन्दा बढीको तमसुक/कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुश्चक्रमा फसाई विभिन्न ढंगले शोषण समेत गरेको अवस्था देखिन्छ।

देशभर विशेष गरेर मधेश प्रदेशका जिल्लामा अनुचित लेनदेन (मिटरब्याज) को समस्याले जरो गाडेको अवस्था रहेछ। आफ्ना समस्या समाधान नभएपछि पीडितहरु संगठित भई विभिन्न मागहरु राखी न्यायको लागि सडकमा आउन थालेपछि समस्यालाई सम्बोधन गर्न सरकारले समय समयमा विभिन्न आयोग र समिति गठन गरी समस्या समाधानको पहल गर्दै आएको छ।

यसै क्रममा नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम मिति २०७९/१२/२० गते उच्च अदालतका पूर्व न्यायाधीश श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा ३ सदस्यीय जाँचबुझ आयोग गठन गरी मिटरब्याज पीडितका समस्या समाधानमा पहल गरेको पाईन्छ। उक्त आयोग गठन भएपश्चात मिति २०७९/१२/२६ देखि २०८०।०८।२५ सम्म (८ महिना) आयोगले आफूलाई प्राप्त कार्यादेश (TOR) बमोजिम कार्य सम्पादन गरी नेपाल सरकारलाई प्रतिवेदन दिएको पाईन्छ। उक्त आयोगबाट करिब २८ हजार उजुरीमध्ये करिब पाँच हजार उजुरी फछ्र्यौट भएको भन्ने कुरा आयोगको प्रतिवेदनबाट देखिन्छ। यद्यपि फछ्र्यौट भएको भनिएका सबै उजुरीको कार्यान्वयन अवस्था भने सन्तोषजनक रहेको पाइएन ।

त्यसैगरी, उच्च अदालतका पूर्व न्यायाधीश श्री तेज बहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी दोस्रो पटक आयोग गठन भएको, सो जाँचबुझ आयोगले मिति २०८०।१२।०८ देखि २०८१/०६/१५ सम्म (६ महिना) कार्य गरेको, दुई पटक सूचना प्रकाशन गरी पीडितबाट निवेदन तथा उजुरी माग गरेको । तथापि उक्त आयोगले नेपाल सरकारलाई प्रतिवेदन पेश गरेको पाईएन।

अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता/पेश भएका निवेदन तथा उजुरीहरु आयोगको तर्फबाट मेलमिलाप गराई फछ्र्यौट गर्न जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयको प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक र

सहायक जिल्ला न्यायाधिवक्ता सदस्य रहेको संयन्त्र बनाई कार्यसम्पादन एवं सेवा प्रवाह गर्ने गरिएको भए तापनि पछिल्लो समय उक्त संयन्त्र प्रभावकारी नभई निष्क्रिय जस्तै रहेको अवस्था रहेछ।

उक्त समितिका संयोजकले दुवै पक्ष रहेको नगर/गाउँपालिकाको प्रमुख/उपप्रमुख/वडा अध्यक्ष वा स्थानीय तहको प्रतिनिधिलाई तथ्य एकिन र सहजीकरणको लागि सो विवादको छलफलमा आमन्त्रित गर्न सक्ने प्रावधान रहेको । साथै मिटरब्याज पीडितको सहयोगका लागि जिल्ला प्रशासन कार्यालयमा आवश्यकता अनुसार सहायताकक्ष (Help Desk) को व्यवस्था गरिएको।

नेपाल सरकारद्वारा अनुचित लेनदेनलाई फौजदारी कसुर कायम गर्दै मिति २०८० बैशाख २० गते अध्यादेश माफर्त मुलुकी अपराध संहिता, २०७४ मा अनुचित लेनदेन सम्बन्धी दफा २४९ क. दफा थप गरी अन्य प्रचलित नेपाल कानूनमा समेत केही दफाहरु संशोधन गरी कार्यान्वयनमा ल्याइएकोमा उक्त अध्यादेशमा समेत आवश्यक परिमार्जन सहित २०८० साउन १२ गते संघीय संसदबाट मुलुकी अपराध संहिता, २०७४ मा दफा २४९ क थप गरेर सर्वसम्मतीबाट अनुचित लेनदेन सम्बन्धी नयाँ कानूनी व्यवस्था गरेको र हाल सोही व्यवस्था कार्यान्वयनमा रहेको अवस्था छ।

२. हालको आयोगको गठन र कार्यादेश

नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०८१/११/२६ को निर्णयले जाँचबुझ आयोग ऐन, २०२६को दफा ३ को उपदफामा (२) अनुसार तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०८१ गठन भएको हो।आयोगले मिति २०८१/१२/१३ देखि कार्यारम्भ गरेको हो।

आयोग गठन यस प्रकार रहेको छः-

१. उच्च अदालतका पूर्व न्यायधीश श्री बाबुराम रेग्मी - अध्यक्ष
२. पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री भरत बहादुर बोहोरा - सदस्य
३. नेपाल अडिटर्स एशोसिएसनका वरिष्ठ उपाध्यक्ष श्री बद्री प्रसाद भट्टराई - सदस्य

आयोगको कार्यादेश (TOR):-

(क) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धि जाँचबुझ आयोगले देहाय बमोजिमका उजुरी जाँचबुझ गर्ने

१. नलिएको वा नदिएको रकम लिएको वा दिएको भनी लिखत तयार गरेको,
२. वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,
३. लेनदेन गर्दाको बखतमा ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गरेको,

४. ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

५. ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने गरेको,

६. प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

७. ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

८. ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको, हिंसा वा शोषण गरेको,

९. अनुचित लेनदेन (मिटरब्याज) को आधारमा ऋणीको अचल सम्पतिको हक हस्तान्तरण गरी लिएको,

१०. ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकम भन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको र अनावश्यक लिखत खडा गरेको,

ख) प्राप्त उजुरी निवेदनका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरु सङ्कलन गर्ने, प्रचलित कानून बमोजिम आवश्यक लिखतहरु झिकाउने र छानबिन गर्ने, पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्ने, अध्ययन-अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने।

ग) मिति २०७९/१२/२० मा विशेष अदालतका पूर्वअध्यक्ष श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा बनेको आयोग र मिति २०८०/१२/०८ मा उच्च अदालतका पूर्व न्यायधीश श्री तेज बहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले कारबाहीका लागि नेपाल प्रहरीमा पठाएको मिटरब्याज पीडितका निवेदनहरु प्रहरीबाट प्राप्त गरी जिल्लास्तरीय संयन्त्रबाट फछ्यौट गराउन मिल्ने निवेदन संयन्त्रबाट फछ्यौट गर्ने र बाँकी जिल्लास्तरीय संयन्त्र एवं आयोगबाट फछ्यौंट गर्न नमिल्ने वा नसकिने प्रकृतिका निवेदन नेपाल प्रहरीमा फछ्यौटका लागि पठाउने।

घ) लिखतको वर्गीकरण गरी फर्जी तथा अवैध लिखत खारेजीको विधि र प्रक्रिया सिफारिस गर्ने।

ङ) जाँचबुझबाट स्वेच्छिक मिलापत्र गराउन सम्भव देखिएका उजुरीलाई मिलापत्र गराई फछ्यौंट गर्ने।

च) अनुचित लेनदेन (मिटरब्याज) गर्ने गरी अस्वाभाविक ऋण लगानी गरेको वा शङ्कास्पद कागजात खडा गरी अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि सिफारिस गर्ने।

छ) अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित मुद्दाका कारण जरिबाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानूनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्ने।

ज) अनुचित लेनदेन (मिटरब्याज) को परिणामबाट प्राप्त भएको सम्पत्तिको हक हस्तान्तरण बदरसम्बन्धी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

झ) प्रचलित कानूनबमोजिम अनुचित लेनदेन (मिटरब्याज) का सम्बन्धमा पीडकको विरुद्धमा गर्नुपर्ने कारबाहीका सम्बन्धमा सिफारिस गर्ने।

ञ) अन्यायको सघनता अध्ययन गरी पीडितलाई क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय सिफारिस गर्ने।

ट) मौजुदा कानूनमा संशोधन तथा प्रतिस्थापन गर्नुपर्ने विषयको पहिचान गरी मस्यौदा सहितको प्रतिवेदन पेश गर्ने।

३. आयोगले सम्पादन गरेका मुख्य कार्य र प्रक्रिया

यस आयोगले कार्यसम्पादनको क्रममा गरेका मूख्य कार्यहरु र सो को कार्यविधि देहाय अनुसार रहेको छ:-

३.१. बैठक, छलफल र स्थलगत अनुगमन

- मा. गृहमन्त्री श्री रमेश लेखक, महान्यायधिवक्ता श्री केशव बडाल, गृहसचिव श्री गोकर्णमणी दुवाडी, प्रहरी महानिरीक्षक श्री दिपक थापा, मन्त्रालयका सहसचिवहरु, काठमाडौं र धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका जिल्ला न्यायाधिवक्ता समेतको सहभागितामा आयोगले छलफल कार्यक्रम सम्पन्न गरिएको।
- आयोगले मधेश प्रदेशका ८ वटा जिल्ला (पर्सा, बारा, रौतहट, महोत्तरी, धनुषा, सिराहा, सर्लाही र सप्तरी), काठमाडौं उपत्यका(काठमाडौं, ललितपुर, भक्तपुर), काभ्रे, सोलुखम्बु, ओखलढुङ्गा, सुनसरी, झापा र मोरङ्ग गरी १७ जिल्लाको भ्रमण गरी तत् तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, प्रहरी प्रमुखहरु, जिल्ला न्यायाधिवक्ता, सहायक प्रमुख जिल्ला अधिकारी र अन्य सम्बन्धित कर्मचारीहरुसँग अनुचित लेनदेन सम्बन्धी निवेदन/उजुरीको संख्या, फछ्यौंटको अवस्था, मूख्य समस्या, समस्या समाधानका लागि सुझाव लगायतका विषयमा विस्तृत छलफल गरिएको।

❖ जिल्ला भ्रमणका क्रममा अनुचित लेनदेन (मिटरब्याज) विरुद्ध किसान, मजदुर आन्दोलन, नेपालका पदाधिकारी/व्यक्तिसँग छलफल गरिएको।

❖ मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन, नेपालका पदाधिकारी तथा व्यक्तिहरुसँग आयोगको सचिवालयमा पटक पटक छलफल गरिएको (करिब १५० जनासँग)। उक्त समितिका तर्फबाट मुख्य समस्या र सुझाव लिखित रुपमा आयोगमा पेश गर्न बारम्बार अनुरोध गरिए पनि प्राप्त नभएको।

❖ आवश्यकतानुसार गृह मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उच्च अधिकारीहरुसँग छलफल (औपचारिक,अनौपचारीक) गरिएको ।

❖ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी, फछ्र्यौटको अवस्था, विद्यमान समस्या र समस्या समाधानका लागि सुझाव लगायतका विविध विषयमा सबै ७७ वटा जिल्ला प्रशासन कार्यालयहरुमा गृह मन्त्रालय मार्फत पत्राचार/परिपत्र गरिएको ।

❖ यसै क्रममा उजुरी फछ्र्यौंटमा एकरुपता र सहजीकरणको लागि उजुरीहरुको वर्गीकरण तथा प्राथमिकीकरण सम्बन्धी मापदण्ड तयार गरी सबै जिल्ला प्रशासन कार्यालयमा पठाइएको ।

❖ मिटरब्याज पीडितबाट यस आयोगमा पठाइएका उजुरीहरु आवश्यक कार्यार्थ सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइएको।

३.२. दस्तावेजहरुको अध्ययन तथा विश्लेषण

यस अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ द्वारा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार २०७९/१२/२० गते न्यायाधीश श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा गठित जाँचबुझ आयोगद्वारा नेपाल सरकार समक्ष पेश गरिएको प्रतिवेदनको अध्ययन गरिएको।

उक्त प्रतिवेदनका साथै उच्च अदालतका पूर्व न्यायाधीस श्री तेज बहादुर कार्कीको अध्यक्षतामा गठित अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० ले कार्यसम्पादनका क्रममा गरेका निर्णय एवं माइन्युटको अध्ययन गरिएको।

माथि उल्लिखित दस्तावेजका अतिरिक्त निम्न लिखित दस्तावेजहरुको समेत अध्ययन तथा पुनरावलोकन गरिएको।

❖ मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी देवानी संहिता, २०७४ मा भएका अनुचित लेनदेनसँग सम्बन्धित तथा लेनदेन व्यवहारका सावाँ रकम र सो को ब्याज सम्बन्धी व्यवस्था

- स्थलगत भ्रमणका क्रममा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट उपलब्ध कागजात तथा उजुरी फछ्र्यौंटको विवरण,
- विभिन्न पत्र पत्रिकामा प्रकाशित समाचार र लेख रचना।

४. आयोगको कार्यसम्पादनको सीमा (Limitations)

यस जाँचबुझ आयोगलाई आयोगले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र राय सहितको प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने उल्लेख भएकोमा कार्य प्रारम्भ गरेको १५ (पन्ध्र) दिन आयोगको कार्यालय तथा सचिवालय व्यवस्थापन(पदाधिकारीको कार्यकक्ष, सचिवालयका कर्मचारीको कार्यकक्ष, सचिवालयका कर्मचारीहरुको व्यवस्थापन, अफिस कोठा रङ्गरोगन, फर्निसिङ्ग लगायतका कार्यालय व्यवस्थापन) को काममा व्यतित भएको।

त्यसैगरी, अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी यसपूर्वका जाँचबुझ आयोगहरुले गृह मन्त्रालयमा पेश गरेका प्रतिवेदन तथा आवश्यक दस्तावेज/कागजातहरुको खोजी गर्दा केही दिन ब्यतित भएको।

आयोगले पीडक र पीडित झिकाई उजुरी फछ्र्यौंट गर्न व्यवहारिक हिसावबाट सम्भव नहुने भएकोले सम्बन्धित जिल्लाहरुलाई सहजीकरण गरी जिल्लागत संयन्त्रबाट नै उजुरी/निवेदन फछ्र्यौंट गराउन पहल गरिएको ।

यस जाँचबुझ आयोगको कायदिशको प्रकरण २ को खण्ड (ख) मा प्राप्त उजुरी निवेदनका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरु संकलन गर्ने, प्रचलित कानुन बमोजिम आवश्यक लिखतहरु झिकाउने र छानविन गर्ने, पीडितको पक्षमा रहने प्रमाण संकलन गर्ने, अध्ययन अनुसन्धान, स्थलगत भ्रमण, सर्जिमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने उल्लेख भएको भएता पनि समयमै नेपाल सरकार अर्थ मन्त्रालयले बजेट सुनिश्चितता नगरेको, मिति २०८२/०२/२१ गतेमात्र बजेटको सुनिश्चितता गरेकोले समयमा नै मिटरव्याज समस्याग्रस्त जिल्लाहरुमा स्थलगत भ्रमण गरी सम्बन्धित पक्षहरुसँग छलफल र अन्तरक्रिया गर्न नपाइएको।

यस आयोगलाई दिइएको कार्यदिशमध्ये अधिकांश विषय मुलुकी अपराध संहिता, २०७४ को दफा २४९क. मा फौजदारी कसूर कायम गरिएका विषय नै रहेको र संहिताले कसूर कायम गरेको विषय प्रहरीले अनुसन्धान/तहककीकात गरी सरकारी वकिलले अभियोजन गरेपछि जिल्ला

अदालतबाट त्यसको निक्यौंल हुने हुँदा ती सबै विषयमा आयोग प्रवेश गरेर सबै कुरा टुङ्गो लगाउन कानूनी हिसावले पनि सम्भव नभएको र प्राविधिक हिसावले पनि सबै उजुरी निवेदन आयोगमा झिकाई वा सम्बन्धित जिल्लामा मुकाम कायम गरेर फछर्यौट गर्न वा आवश्यक निकास दिन सम्भव नभएको। एउटा उजुरी/निवेदन पक्षहरुका बीचमा छलफल गराएर टुङ्गोमा पुग्न ३/४ चरणसम्म वार्ता गर्नु पर्ने अवस्था पनि हुने गरेको धरातलीय यथार्थ भएको सन्दर्भमा कार्यादेशमा उल्लेख भएका सबै विषय आयोगबाटै सम्बोधन हुन सक्ने अवस्था नभएको कुरा पनि जानकारीमा ल्याउन आवश्यक देखियो। तथापि, आयोगले पत्राचार/परिपत्र र फोन सम्पर्कबाट जिल्लाहरुमा सहयोग र सहजीकरण गरी आयोगको कार्य अवधिभित्र १६५ उजुरी फछर्यौट भएको अवस्था छ।

यसरी आयोगले करिब साढे दुई महिना मात्र काम गर्न पाएको अवस्था हो । उक्त अवधिमा १७ जिल्लाको स्थलगत भ्रमण, करिब १५० जना पीडितसँग आयोगमा छलफल गरी केही नीतिगत, कानूनी र व्यवहारगत सुझावसहितको प्रतिवेदन पेश गरिएको छ ।

५. अनुचित लेनदेन (मिटरब्याज) पीडितलाई न्याय दिने विषयसँग सम्बन्धित कानूनी व्यवस्था

अनुचित लेनदेन (मिटरब्याज) पीडितका समस्या सम्बोधन गर्न आवश्यक छ भन्ने विषयमा निम्न लिखित कानूनी व्यवस्थाहरु सान्दर्भिक रहेको मान्न सकिन्छः-

- मुलुकी देवानी संहिता, २०७४ को दफा ४७८ मा साहूले ऋणीसँग व्याज लिन पाउने सम्बन्धमा लेनदेन सम्बन्धी लिखत हुँदा लिखतमा व्याज लिनेदिने कुरा उल्लेख भएकोमा साहूले ऋणीबाट लिखतमा लेखिए बमोजिमको ब्याज लिन पाउने व्यवस्था रहेको। त्यसरी साहूले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवाको वार्षिक दश प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था रहेको।
- त्यसैगरी उपदफा (३) मा लिखत हुँदा लिखतमा ब्याजको दर किटान नगरी ब्याज लिनेदिने कुरासम्म उल्लेख भएकोमा साहूले ऋणीबाट साँवा रकमको वार्षिक दश प्रतिशतका दरले व्याज लिन पाउने प्रावधान रहेको ।
- उपदफा (४) मा यदी लिखत हुँदा लिखतमा ब्याज उल्लेख नगरी मुनाफा लिने कुरा उल्लेख भएको छ भने त्यस्तो मुनाफा के कति लिने कुरा लिखतबाट नदेखिए साहूले ऋणीबाट ब्याज सरह लिन पाउने व्यवस्था रहेको।
- सोही ऐनको दफा ४७९ मा लेनदेन हुँदा लिखतमा ब्याज लिने दिने कुरा उल्लेख नभएमा साहूले ऋणीबाट ब्याज लिन नपाउने व्यवस्था रहेको। त्यसैगरी, सोही संहिताको दफा ४८० मा साहूले ऋणीबाट ब्याजको ब्याज लिन नपाउने, ब्याजको ब्याज लिएको रहेछ भने साँवामा

कट्टी हुने र साँवा चुक्ता भइसकेको रहेछ भने त्यस्तो ब्याज फिर्ता गर्नु पर्ने व्यवस्था रहेको पाइन्छ।

- ❖ सोही संहिताको दफा ४८१ मा साहुले ऋणीबाट साँवाभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था रहेको छ।
- ❖ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को उपदफा (१) मा दस्तखत वा ल्याप्चे सहीछाप भएकोमा कानूनको अधीनमा रही त्यस्तो लिखत जुनसुकै प्रयोजनका लागि मान्य भई कानुन बमोजिम कार्यान्वयन हुने भन्ने प्रावधान रहेको छ।
- ❖ सोही दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कुनै निकायबाट प्रमाणित वा पारित गर्नुपर्ने वा त्यस्तो निकायमा अभिलेख रहने वा त्यस्तो निकायबाट कार्यान्वयन हुने वा विनिमय अधिकारपत्र मार्फत करोबार हुने वा सार्वजनिक सूचना गरेको बोलपत्र बमोजिमका करार, ठेक्कापट्टा बाहेकका यस परिच्छेद बमोजिम हस्ताक्षर वा ल्याप्चे सही छाप गर्नुपर्ने पचास हजार रुपैयाभन्दा बढी रकमको वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो रकममा नघट्ने गरी निर्धारण गरेको रकमभन्दा बढी रकमको नेपालभित्र घरसारमा तयार भएको लिखत सम्बन्धित पक्षहरु स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयमा उपस्थित भई सक्कल लिखत शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र त्यसरी प्रमाणित गर्दा लिखतमा लिखतका कारणीहरुलाई प्रमाणित गर्ने कार्यालयले सहीछाप गराउनु पर्ने तर पक्षहरुले चाहेमा पचास हजार रुपैयाभन्दा कमको घरसारको लिखत पनि यस दफा बमोजिम प्रमाणित गराउन सक्ने व्यवस्था रहेको छ।
- ❖ उपदफा (२) बमोजिम लिखत प्रमाणित गराउन आएमा सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले पनि लिखतका पक्षहरुको नाम, थर, ठेगाना, लिखत भएको मिति र लेनदेन भएको रकम वा लिखतमा उल्लेख भएको बिगो समेत खुलाई अभिलेख राखी त्यस्तो लिखत त्यसैदिन प्रमाणित गरिदिनु पर्ने व्यवस्था रहेको।
- ❖ उपदफा (३) बमोजिम लिखत प्रमाणित गर्दा स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले बढीमा दुई सय रुपैयाँसम्म दस्तुर लिन सक्ने व्यवस्था रहेको।

  (३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन करोबारका लिखतहरु यो उपदफा प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ।

(३ग) उपदफा (३क) र (३ख) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नुअघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखित बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३घ) उपदफा (३क) बमोजिम प्रमाणित गराउने प्रयोजनको लागि लेनदेनको कुनै एक पक्ष उपस्थित नभए तापनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्नेछ।

(३ङ) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष नेपालबाहिर रहेको अवस्थामा निज फर्की आएको समितिले ६ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनु पर्नेछ।

- सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।
- यस दफा बमोजिम रीत नपुगेको लिखत अदालतबाट कार्यान्वयन हुने छैन, तर यो दफा प्रारम्भ हुनु अगावै तत्काल प्रचलित कानून बमोजिम तयार भएको लिखतको मान्यता वा कार्यान्वयनका सम्बन्धमा यो दफाको व्यवस्थाले प्रतिकूल असर पार्ने छैन भन्ने ब्यवस्था रहेको।
- मुलुकी अपराध संहिता, २०७४, को दफा २४९क मा अनुचित लेनदेनलाई फौजदारी कसुर कायम गर्ने सम्बन्धमा निम्न व्यवस्था गरिएको:-

(१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुदैन।

(२) उपदफा (१) को प्रयोजनका लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछ:-

क. लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

ख. लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

ग. लेनदेन गर्दाकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत तयार गर्ने,

घ. ब्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गर्ने,

ङ. ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत बनाउने,

च. ऋणको सावाँभन्दा बढी ब्याज लिने,

छ. ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने, वा

ज. अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पतिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनु अघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।

(४) उपदफा (१) वा (३) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गम्भीरता हेरी सात बर्षसम्म कैद र सत्तरी हजार रुपैयासम्म जरिबाना हुने छ।

(५) अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोवार भएको वास्तविक रकम र कानून बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइ दिनु पर्ने छ।

(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुने छ।

- ❖ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३०क मा अनुसन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसुरमा अनुसन्धान गर्दा साहुले अस्वभाविक रुपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धान गरी कारबाही चलाइने व्यवस्था रहेको पाइन्छ।

६.अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी प्रमुख समस्याहरु

६.१ कानूनी/नीतिगत समस्या

- ❖ जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठन हुने यस्ता प्रकृतिका आयोगले सत्य तथ्य पत्ता लगाएर राय सहितको प्रतिवेदन पेश गर्ने हो वा यस सम्बन्धी विवाद निरुपण गर्ने तर्फ अग्रसरता देखाउने पनि हो भन्ने कुरामा द्विविधा छ। साथै, आयोगले सीमित अवधिमा कार्य सम्पादन गरी प्रतिवेदन बुझाउने हुँदा आयोगले गरेको निर्णय र दिएका निर्देशनहरु आयोगले कामकाज गर्दाको बखतसम्म मात्र वा आयोगको कार्य अवधि पश्चात् पनि निरन्तर कार्यान्वयन हुने हुन् भन्ने विषय पनि स्पष्ट छैन।
- ❖ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी स्पष्ट कानूनी व्यवस्था नभएको पृष्ठभूमिमा मुलुकी अपराध संहिता, २०७४ मा २०८०/४/०२ मा संशोधन गरेर दफा २४९

क. थप गरिएको अवस्था छ। देवानी अर्थात रकम लेनदेनको जरियाबाट उठान भएको विषय वस्तुलाई फौजदारी प्रकृतिको बनाएर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरेको कारणले मात्र यस सम्बन्धी व्यवहारिक समस्याको संषोधन हुन सकेको पाइँदैन। मुलुकी अपराध संहिता, २०७४ मा थप गरिएको दफा २४९क को उपदफा (३) र (४) मा पुरानो कारोवारलाई समेट्न खोजिएता पनि सो परिच्छेदमा गरिएको हदम्याद सम्बन्धी व्यवस्था यथावत रहेको अवस्थामा अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषयका लागि पनि मुलुकी अपराध संहिता, २०७४ को दफा २५५ मा गरिएको हदम्याद सम्बन्धी व्यवस्था नै आर्कषित हुने हुँदा अनुचित लेनदेन (मिटरब्याज) को कारणबाट वास्तविक पीडित व्यक्तिहरुको पीडा उल्लिखित कानूनी व्यवस्थाबाट सम्बोधन हुन सकेको अवस्था रहेनछ।

- उजुरी/निवेदनको प्रकृति हेर्दा वि.सं. २०२० सालसम्म पुराना लेनदेनका विषयहरु समेत उजुरी/निवेदनमा पर्न आएको अवस्था हुँदा कार्यसम्पादनमा जटिलता देखिएको छ। कतिपय पीडितको बुझाइमा यो आयोग "सर्वौषधि" हो भन्ने भ्रम रहेको र त्यस्तो भ्रमित बुझाईलाई एकथरी व्यक्तिहरुले गलत किसिमबाट मलजल गरेको स्थिति पनि रहेछ।
- हाल जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रहरी अधिकृत र जिल्ला सरकारी वकिलको कार्यालयको प्रतिनिधि रहेको जिल्लास्तरीय संयन्त्रले मेलमिलापको माध्यमबाट अनुचित लेनदेन (मिटरब्याज) का समस्या समाधान गर्ने गरेको तर उक्त समिति/संयन्त्रको कानूनी हैसियत नभएकोले मेलमिलाप/मिलापत्र गरेपनि एउटा पक्ष अदालत गई निषेधाज्ञाको आदेश लिएर आउने गरेकोले समस्याको समाधान नभई जिल्ला प्रशासन कार्यालयमा थप कार्यबोझ बढेको अवस्था पनि रहेको छ।
- जिल्लामा समस्या समाधानमा स्पष्ट नीति तथा मार्गदर्शनको कमी र कार्यप्रणालीमा एकरुपता नहुनुलाई पनि अर्को समस्याको रुपमा लिन सकिन्छ। कतिपय जिल्लामा सबै फाइल जिल्ला प्रशासन कार्यालयमा रहेको, कतिपय जिल्लामा सबै निवेदन/उजुरीहरु जिल्ला प्रहरी कार्यालयमा र कतिपय जिल्लामा जिल्ला प्रशासन र प्रहरी दुवैमा रहेकोले कार्यसम्पादनमा अन्यौलता रहेको।
- अनुचित लेनदेनसँग सम्बन्धित विषय स्थानीय तहको न्यायिक समितिमा दर्ता भई त्यहाँबाट न्याय प्राप्त हुन नसकेमा मात्र जिल्ला प्रशासन कार्यालयमा दर्ता हुने परिपाटी

बसाउन सकिएमा (कानूनमा संशोधन गरेर भए पनि) केही समस्याहरु स्थानीय तहबाटै निराकरण हुन सक्नेमा त्यस्तो परिपाटी नै नरहेको।

❖ निकायगत समन्वय, सहकार्य र बुझाइको कमी हुनु । राष्ट्रियस्तरमा पनि राजनीतिक दलहरुको सरकारमा रहँदा र सरकार बाहिर रहँदा यो सवाललाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोण फरक फरक हुने गरेको। साथै जिल्लातहमा पनि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सरकारी वकिलको कार्यालय र जिल्ला एवं उच्च अदालतबीच सहयोग तथा समन्वयको कमी देखिएको।

६.२ आर्थिक तथा वित्तीय समस्या

❖ अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित भएका व्यक्तिहरुले वाध्यतावस खाली चेकमा हस्ताक्षर गरेर साहूलाई दिनु पर्ने अवस्था एकातिर रहेछ भने अर्को तर्फ आफू खुसी चर्को ब्याजमा व्यापार व्यवसाय सञ्चालनका लागि साहूसँग रकम लिएर काम चलाउने अनि सुरक्षण वापत भन्दै खाली चेकमा हस्ताक्षर गरेर साहूलाई दिने। लेनदेन भएका वखत खाली चेक करकापबाट नभएर स्वोच्छाले दिने पछि भाखामा सावा ब्याज तिर्न नसके पछि साहूलाई मिटर ब्याजीको ट्याग लगाएर उजुर गर्ने परिपाटी व्यापक रुपमा विकसित भएर आएको रहेछ। साहूले चर्को ब्याजको एकतर्फी रुपमा हिसाव गरेर खाली चेकमा आफूखुसी ठूलो रकम भरेर ऋणीको विरुद्धमा चेक अनादर वा बैंकिङ्ग कसूर (आफ्नो सुविधा अनुसार) मा मुद्दा दिने विषय पनि साच्चैका अनुचित लेनदेन (मिटरब्याज) पीडितसँग सम्बन्धित ठूलो समस्याको रुपमा रहेको पाइयो।

❖ आय आर्जनको कमी/अभावका कारण पारिवारिक, सामाजिक र अन्य कार्यको लागि जहाँबाट भए पनि रकमको जोहो गर्नुपर्ने गरिब तथा निम्न आय भएका व्यक्तिहरुको वाध्यता पनि रहेको।

❖ बैंक तथा वित्तीय संस्थामा पहुँचको कमी (Poor Access to Banks and Financial Institutions) रहेको। पहुँच भएपनि गरीब तथा निमुखाको लागि प्रकृयागत, व्यवहारगत लगायतका झन्झट विद्यमान हुनुलाई पनि समस्या कै रुपमा लिन सकिन्छ।

❖ बैंक तथा वित्तीय संस्था गरीबमुखी नुहुनु तथा गरिबले सहज तरिकाले ऋण नपाउनु।

❖ बैंक तथा वित्तीय संस्थाबाट बिना धितो ऋण लिने व्यवस्था मूलत: नहुनु। कहि कतै केही सहज प्रावधान भएता पनि गरीबको जानकारीमा नै नआउनु (Information gap)

- गरीबीको कारण रकमको जोहो गर्न साहु महाजनकोमा जान बाध्य हुनु र जहा पनि आँखा चिम्लेर दस्तखत गरिदिनु । उदाहरणको लागि रु ३ लाख ऋण लिदा तेब्बर बढी रकम लेखिएको कपाली तमसुकमा दस्तखत, आफ्नो घरजग्गा बन्धकी वा रजिष्ट्रेशन पास गरिदिने र खाली चेकमा पनि दस्तखत गरिदिने गरेको अवस्था पनि रहेको पाईन्छ। साथै आय आर्जनको भरपर्दो श्रोत नहुँदा ऋण तिर्न नसक्ने, ऋण तिरे पनि रेकर्ड नराख्ने, घर जग्गा गुम्ने र बैकिङ्ग कसुर वा चेक अनादरको मुद्दा लाग्ने सम्मको अवस्था पीडितलाई भएको देखिएको।
- स-सानो रकम भए पनि बचत गर्ने बानी नहुनु (आम्दानी भन्दा बढी खर्च गर्नु)

६.३ सामाजिक तथा वातावरणीय समस्या

- मधेश प्रदेश लगायत तराईका अधिकांश जिल्लामा कपाली तमसुक (ऋण रकम भन्दा तेब्बर बढीको कागज बनाउने) सामान्य प्रचलन जस्तै रहेको।
- मधेश प्रदेशमा मानव विकास सूचकांक न्यून रहेकोले अधिकांश जनता सोझा, सरल, अनपढ, पिछडिएका र जनचेतनाको कमीका कारण जेमा पनि दस्तखत गर्ने प्रवृत्ति रहेको।
- हाम्रा मूल्य-मान्यता, चालचलन, परम्परा (बिहे, ब्रतबन्ध, दहेज प्रथा इत्यादि) अत्यन्तै भड्किला र खर्चिला बन्दै भएकोले मान्छेहरु त्यस्ता अनुत्पादनमूलक (unproductive) कामका लागि ऋण लिन बाध्य भएका।
- वास्तविक पीडितहरु आफ्नो समस्या राख्न नसकेको कारण न्याय पाउँन नसकेका।
- हाल अनुचित लेनदेनको मामिलामा विचौलियाको समेत प्रवेश देखिएको । तिनीहरुले पीडक वा पीडित वा दुवैबाट कारोबार मिलाइदिने निहुँमा निश्चित रकम वा लाभ लिने गरेको भन्ने कुरा पनि सुन्नमा आएको।
- पीडितले आफूले गरेको कारोबार(लिएको, तिरेको) को कुनै प्रमाण, कागजात वा निस्सा राख्ने नगरेको । जसले गर्दा जति ऋण तिरे पनि कहिल्यै नघटेको पीडितको भनाइ रहेको।

६.४ अन्य समस्या

- सुरुमा रकम लेनदेनको कारोबार गर्दा घरसार कर्जा लिने र दिने दुवै पक्षले आफूलाई फाईदा हुने भएको कारणबाट महँगो व्याजदरमा रकम लिने दिने गरेर सौहार्दपूर्ण

सम्बन्ध कायम भएकोमा पछि कर्जा लिने व्यक्तिको व्यवहार विग्रिएर आपसी समझदारीमा कायम भएको व्याज र साँवा रकम फिर्ता गर्न नसक्ने अवस्था आएपछि पहिले आपसी समझदारीमा तय भएको लेनदेन व्यवहारलाई अनुचित लेनदेन (मिटरब्याज) हो भनी उजुरी/निवेदनको ओइरो लाग्ने गरेको स्थिति एउटा विकराल समस्याको रुपमा विकसित भएको अवस्था देखिन्छ।

- ❖ पीडक र पीडित दुबैले बोली/बयान फेरी रहने प्रबृत्तिले मेलमिलाप गराउन कठिन देखिएको र मेलमिलाप भएमा पनि दिगोपनाको समस्या देखिएको।
- ❖ जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा अनुचित लेनदेनसम्बन्धी अनुभव, ज्ञान र मेलमिलापको सीप तथा क्षमता भएका कर्मचारीको कमी रहेको।
- ❖ मूलत: मधेश प्रदेश र तराईका जिल्लामा मिटरब्याज सम्बन्धी उजुरीको संख्या धेरै रहेको कारण कर्मचारीले अतिरिक्त समय काम गर्नु पर्ने वाध्यता रहेको तर त्यसरी खटिने कर्मचारीलाई थप आर्थिक प्रोत्साहनको व्यवस्था नभएको।
- ❖ अधिकांश पीडक(साहु, महाजन)ले कर्मचारी तथा प्रहरीलाई थर्काउने, धम्काउने गरेको।
- ❖ कतिपय निवेदनहरु निवेदन दर्ता गरी छलफलको लागि आउनु भनी फोन सम्पर्क गर्दा समेत छलफलको लागि आउने नगरेको।

७.समस्या समाधानका लागि आयोगले गरेका प्रयासहरु

अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषय तथा समस्या सम्बन्धमा आयोगबाट भएका मुख्य पहलहरु देहाय बमोजिम रहेका छन्:-

- ❖ हाल गठित जाँचवुझ आयोगको कार्यदिशको प्रकरण (ग) मा "मिति २०७९/१२/२० मा विशेष अदालतका पूर्वअध्यक्ष श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा बनेको आयोग र मिति २०८०/१२/८ मा उच्च अदालतका पूर्व न्यायाधीश श्री तेज वहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले "कारबाहीका लागि नेपाल प्रहरीमा पठाएका मिटरब्याज पीडितका निवेदनहरू सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्लास्तरीय संयन्त्रबाट फछ्र्यौट गराउन मिल्ने निवेदन संयन्त्रबाट फछ्र्यौट गराउने, आयोगबाट गर्न मिल्ने प्रकृतिका निवेदन आयोगले फछ्र्यौट गर्ने, जिल्लास्तरीय संयन्त्र एवं आयोगबाट फछ्र्यौट गर्न नमिल्ने वा नसकिने प्रकृतिका निवेदन नेपाल प्रहरीमा कारवाही/फछ्र्यौटका लागि लेखि पठाउने" भन्ने कुरा स्पष्ट गरिएको हुँदा यस आयोगबाट थप उजुरीका लागि सूचना प्रकाशन नगरी पहिलेदेखि बाँकी रहेका उजुरी/निवेदन फछ्र्यौट गर्ने, गराउनेतर्फ पहल गरिएको।

- यस आयोगबाट सबै जिल्लाहरुमा उजुरी र फछ्र्यौटको विवरण माग गरिएकोमा विगतदेखि हालसम्म कुल ४१,४०९ उजुरी दर्ता भएको र ६,२२८ फछ्यौंट भई ३५,१८१ फछ्यौंट हुन बाँकी रहेका। ७७ जिल्ला मध्ये ३३ वटा जिल्लाहरुमा एउटा पनि उजुरी दर्ता नभएको (अनुसूची-क)।
- साथै यस आयोगको सहजीकरण र आवश्यक पहलमा २०८१/१२/१३ देखि २०८२/०३/१२ सम्म १६५ वटा उजुरी फछ्यौंट भएका। २०८१ असोजदेखि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्लागत संयन्त्र निश्क्रिय जस्तै रहेको सन्दर्भमा आयोगको पहल र सहजीकरणमा भएको यो फछ्यौंटको प्रगतिलाई उपलब्धीमूलक मान्न सकिन्छ।
- माननीय गृहमन्त्री श्री रमेश लेखकज्यूको समुपस्थितिमा, महान्यायधिवक्ता श्री केशव बडाल, गृहसचिव श्री गोकर्णमणी दुवाडी, प्रहरी महानिरीक्षक श्री दिपक थापा, मन्त्रालयका सहसचिवहरु, काठमाडौं र जनकपुरका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंका जिल्ला न्यायधिवक्ता समेतको सहभागितामा सम्पन्न बैठकबाट ७७ वटै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्लास्तरीय संयन्त्रमा व्यवहारिक पक्षलाई ध्यानमा राखी सामान्य हेरफेर गर्ने सहमती भएको। जस अनुसार जिल्ला सरकारी वकिलको कार्यालयबाट सो कार्यालयको प्रतिनिधि रहने व्यवस्था गरिएको।
- यस अघि गठित आयोगले पटक पटक सार्वजनिक सूचना जारी गरी अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी समस्या समाधानको लागि ऋण/कर्जा लिने व्यक्ति (पीडित) का तर्फवाट जिल्ला प्रशासन कार्यालयमा उजुरी/निवेदनहरु दर्ता भएका तर उक्त संयन्त्र २०८१ असोजदेखि निश्कृय रही कुनै उजुरी निवेदन फछ्यौंट सम्बन्धी काम नगरेको हुँदा सो जिल्ला स्तरीय संयन्त्रलाई पुन: सक्रिय बनाई कार्यान्वयन गर्न सामाजिक न्याय एवम् व्यवहारिक दृष्टिकोणबाट समेत उपयुक्त देखिएकोले उक्त संयन्त्रलाई पुन: सक्रिय बनाई मेलमिलापको कार्य सुचारु गर्न आवश्यक निर्देशन, सहयोग तथा सहजीकरण गरिएको।
- जिल्लास्तरीय संयन्त्रले अनुचित लेनदेन (मिटरव्याज) सँग सम्बन्धित दुवै पक्ष रहेको ठाउँको नगर/गाउँपालिकाको प्रमुख/उपप्रमुख, वडा अध्यक्ष वा स्थानीय तहको प्रतिनिधि र आवश्यकता अनुसार अन्य कुनै पदाधिकारी वा व्यक्तिलाई तथ्य एकिन र सहजीकरणको लागि सो विवादको छलफलमा आमन्त्रित गर्न सक्ने प्रावधान रहेको सन्दर्भमा उक्त व्यवस्थालाई कायमै राख्न उपयुक्त देखिएकोले सो कुराको जानकारी जिल्ला प्रशासन कार्यालय र पीडित पक्ष समेतलाई गराइएको।

- ❖ अनुचित लेनदेनको विषय हेर्ने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवश्यकता अनुसार सहायता कक्ष (Help Desk) र छुट्टै फाँट वा कर्मचारीको व्यवस्थापन सबै जिल्ला प्रशासन कार्यालयले गर्ने व्यवस्था मिलाउने र सम्भव भएसम्म नि:शुल्क रुपमा फारम भरिदिने लगायतका सेवा दिने व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालयमा अनुरोध भएको।
- ❖ अनुचित लेनदेन (मिटरव्याज) सँग सम्बन्धित नेपाल प्रहरीमा रहेका उजुरी/निवेदनहरुमध्ये अनुसन्धान तहकिकात भई अभियोग पत्र दायर भैसकेका बाहेक सम्भव भएसम्म अन्य उजुरी/निवेदनहरु नेपाल प्रहरीबाट झिकाई उक्त निवेदन/उजुरीहरु तथा जिल्लास्तरीय संयन्त्र समक्ष फछ्यौंट हुन बाँकी रहेका उजुरी/निवेदन समेतको लगत तयार गरी हालसम्म प्राप्त उजुरीको संख्या, फछ्यौंट भएका उजुरीको संख्या, फछ्यौंट हुन बाँकी रहेका उजुरीको संख्या र फछ्यौंट हुन नसकेको कारण समेत उल्लेख गरी यथाशिघ्र यस आयोगमा उपलब्ध गराउने व्यवस्था मिलाई दिन सबै प्रमुख जिल्ला अधिकारीहरुलाई लिखित अनुरोध गरिएको।
- ❖ अनुचित लेनदेन (मिटरव्याज) सँग सम्बन्धित पीडित तथा विवादको अर्को पक्षलाई छलफलमा भाग लिन यथोचित समय दिएर संयन्त्रमा झिकाई पीडक र पीडित दुवै पक्षबाट अनिवार्य रुपमा फारम भर्न लगाई दुवै पक्षका बीचमा मेलमिलापको लागि छलफल गराई पीडितले न्याय प्राप्त गर्न सक्ने उद्देश्यका साथ निजहरूबीच प्रचलित कानून प्रतिकूल नहुने गरी मेलमिलापको माध्यमबाट यथासम्भव छिटो विवादको टुंगो लगाउन जिल्लास्थित संयन्त्रलाई निर्देशन दिईएको।
- ❖ मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने क्रममा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरू सङ्कलन गर्ने, प्रचलित कानूनबमोजिम आवश्यक लिखतहरू झिकाउने र छानबिन गर्ने, पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्ने, अध्ययन अनुसन्धान, स्थलगत भ्रमण, सर्जीमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने सम्मका कार्य गर्न समेत जिल्ला स्थित संयन्त्रलाई निर्देशन दिईएको।
- ❖ आयोगद्वारा मधेश प्रदेशका ८ वटा जिल्ला (पर्सा, बारा, रौतहट, महोत्तरी, धनुषा, सिराहा, सर्लाही र सप्तरी), काठमाडौं उपत्यका (काठमाडौं, भक्तपुर, ललितपुर), सुनसरी, मोरङ, झापा, सोलुखम्बु, ओखलढुङ्गा समेतको भ्रमण गरी तत् तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, प्रहरी प्रमुखहरु, जिल्ला न्यायधिवक्ता, सहायक प्रमुख जिल्ला अधिकारी र सम्बन्धित कर्मचारीसँग अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरिएको।

- आयोगले स्थलगत भ्रमणका क्रममा मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन, नेपालका पदाधिकारी/व्यक्तिहरुसँग छलफल गरी छलफलका क्रममा उठेका समस्या तथा समस्या समाधानको लागि प्राप्त सुझावहरु संकलन गरिएको।
- मिटरब्याज पीडित विरुद्ध किसान मजदुर आन्दोलन, नेपालका पदाधिकारी (करिब १५० जना) सँग आयोगको कार्यालय सिंहदरबारमा पटक पटक छलफल गरिएको।
- अनुचित लेनदेनको विषय, कानूनी व्यवस्था, विद्यमान अवस्था, समस्या र आगामी कार्यदिशा लगायतका विषयमा छलफल गर्न आयोगमा १८ पटक बैठक वसी विभिन्न निर्णय भएका।
- हाल जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिलको कार्यालयका प्रतिनिधि समेत रहेको जिल्लास्तरीय संयन्त्रले मेलमिलापको माध्यमबाट उजुरी/निवेदनको फछ्र्यौट गरेको भएता पनि पीडितलाई न्याय दिने सो संयन्त्र कुनै कानून बमोजिम स्थापना भएको नभई आयोगको निर्णयबाट गठन गरिएको हुँदा अदालतले उक्त संयन्त्रलाई मान्यता नदिई रहेको अवस्थामा मेलमिलापको माध्यमबाट टुङ्गो लगाइदिएका कतिपय विषयमा अनुचित लेनदेन (मिटरब्याज) का पीडकहरु अदालत गई निषेधाज्ञाको आदेश लिएर आउँदा उल्टै कार्यबोझ बढेको भन्ने कुराको जानकारी प्राप्त भएको पृष्ठभूमिमा सो विषयमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल पश्चात उक्त संयन्त्रलाई कानूनी मान्यता प्राप्त संयन्त्र बनाउनु पर्छ भन्ने विषयमा छलफल गरी यस सम्बन्धी आवश्यक कानूनको मस्यौदा तयार गरिएको।
- विगतका आयोगले माग गरेको निवेदन/उजुरीहरुमा जिल्लामा प्राप्त/दर्ता हुन आएका उजुरीमध्ये ललितपुर जिल्लामा वि.सं. २०२० सालको समस्या भन्दै उजुरी परेको पनि पाइयो। त्यस्तै कतिपय जिल्लामा वि.सं. २०५१ सालदेखिका उजुरी, कतिपय पीडित वास्तविक भएका र कतिपय वास्तविक नभएको पाइएकोले उजुरी फछ्र्यौटमा एकरुपता ल्याउँन र आवश्यक सहजीकरण गर्न निवेदन/उजुरीको वर्गीकरण तथा प्राथमिकीकरण गरी फछ्र्यौट गर्दा उजुरी फछ्र्यौटमा एकरुपता, समानता र सहजता हुने भएकोले सो सम्बन्धी आधार तथा मापदण्ड तयार गरी जिल्लामा पठाइएको (अनुसूची-ख)।
- अधिकांश जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा फोन सम्पर्क गरी निवेदन/उजुरी फछ्र्यौटमा सहजीकरण गरिएको।
- जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्लास्तरीय संयन्त्र वा जिल्ला प्रहरी कार्यालयमा अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित व्यक्तिहरुले दिएको उजुरी/ निवेदनका आधारमा कुनै व्यक्तिले

अस्वाभाविक रुपमा लगानी गरेको वा शंकास्पद कागजात खडा गरी कानूनी स्रोत विना अस्वाभाविक आम्दानी गरेको अवस्थामा सम्पति शुद्धीकरणमा अनुसन्धान गर्न सकिने हुँदा कुनै व्यक्तिको हकमा त्यस्तो अवस्था छ वा छैन यकीन गरी त्यस्तो ऋण लगानीबाट वा शंकास्पद कागजात खडा गरी सोही आधारमा अस्वाभाविक आम्दानी गरेको भन्ने कुरा खुल्न आएमा लगानीकर्ताको नाम, ठेगाना तथा ऋणीको नाम, ठेगाना सहित त्यस्तो अनुचित लगानीको विवरण तथा सोसँग सम्बन्धित अन्य प्रमाण केही भए सो समेत यथाशिघ्र यस आयोगमा पठाई आयोगको काममा सहयोग गर्नका लागि सबै प्रमुख जिल्ला अधिकारीहरुलाई परिपत्र गरिएको।

- यस आयोगको सचिवालयमा प्राप्त भएका निवेदन तथा उजुरीहरुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेका जिल्लास्तरीय संयन्त्र मार्फत मेलमिलाप तथा फछ्र्यौटका लागि लेखी पठाइएको।

८.समस्या समाधानका लागि सुझाव

८.१ कानूनी/नीतिगत सुझाव

- जाँचबुज आयोग ऐन, २०२६ अन्तरगत बनेको यस आयोगले नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदनमा उल्लेख भएका विषयहरु वा प्रस्ताव गरिएका सुझावहरु आयोगको कार्या अवधि समाप्त भए पश्चात् पनि अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरीहरुको फछ्र्यौट गर्ने सम्बन्धमा नीति तथा मार्गदर्शनको रुपमा कार्यान्वयनमा आउन आवश्यक देखिन्छ। जिल्लाहरुमा यस सम्बन्धमा अन्यौलता देखिएकोले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्लास्तरीय संयन्त्रलाई पूर्ववत रुपमा काम गर्न गृह मन्त्रालयबाट परिपत्र हुनुपर्ने।
- अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विषय देवानी जरियाबाट उठान भएको फौजदारी कसूर भएको भन्ने कुरा मुलुकी अपराध संहिता २०७४, को दफा २४९ पछि दफा २४९क थप गरी मिति २०८०/०१/१२ मा भएको संशोधनबाट स्पष्ट छ। पीडितलाई फौजदारी कसूरमा कसूरदार ठहर गर्न यथेष्ट प्रमाणको आवश्यकता पर्ने र फौजदारी न्यायको सिद्धान्त अनुसार शङ्काको सुविधा अभियुक्तले पाउने र कसूर शंकारहित तवरबाट वादी पक्षले प्रमाणित गर्नुपर्ने हुँदा अनुचित लेनदेन सम्बन्धी कसूर स्थापित गर्न सजिलो छैन। तसर्थ, पीडितलाई न्याय दिनका लागि अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषयमा मेलमिलापको माध्यमबाट मिलापत्रमा जोड दिंदै जिल्लास्थित संयन्त्रबाट फछ्र्यौट गर्नु गराउन उपयुक्त हुने।

- अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयको प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक र जिल्ला सरकारी वकिलको कार्यालयबाट प्रतिनिधि रहेको जिल्लास्तरीय संयन्त्रले उजुरी फर्छ्यौट गर्दै आएकोले उक्त संयन्त्रलाई कानूनी मान्यता दिन सके काम कारवाहीमा सहजता आउने अवस्था देखिन्छ। अनुचित लेनदेन (मिटरब्याज) पीडितका समस्या समाधान गरेर निजहरुलाई न्याय दिने उद्देश्यका साथ मुलुकी संहिताहरुमा संशोधन गरिएको पृष्ठभूमिमा तिनै संशोधित कानूनी व्यवस्था अनुसार पीडित पक्षका गुनासा सम्बोधन गरिनु पर्दछ। आयोगद्वारा यस सम्बन्धमा गर्नु पर्ने कानून संशोधनको मस्यौंदा यस प्रतिवेदनमा प्रस्ताव गरिएको (अनुसूची-ख) छ । उक्त मस्यौदामा आवश्यक हेरफेर सहित मस्यौदालाई ऐनको रुप दिन गृह मन्त्रालयले पहल गर्ने।
- आयोगले अनुचित लेनदेन सम्बन्धी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका उजुरी फछ्र्यौंटमा सहजता र एकरुपताको लागि मार्गदर्शन स्वरुप अनुचित लेनदेन मेलमिलाप निर्देशिका, २०८२ को मस्यौदा तयार गरेको (अनुसूची घ) छ। यो निर्देशिकालाई यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ।
- अनुचित लेनदेन (मिटरब्याज) को विषयलाई जिल्लामा समग्र निर्देशन, समन्वय र सहजीकरण गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी समन्वय तथा सहजीकरण समिति गठन गर्नुपर्ने। जसमा जिल्ला प्रहरी प्रमुख र सरकारी वकिल कार्यालयका प्रमुख (जिल्ला न्यायाधिवक्ता) सदस्य रहने र समितिले आवश्यकतानुसार सरोकारवालालाई आमन्त्रण गर्न सक्ने प्रावधान पनि राख्नु पर्ने।
- अनुचित लेनदेन (मिटरब्याज) पीडितका लागि जिल्ला प्रशासन कार्यालयमा छुट्टै सहजीकरण डेस्क स्थापना गरी पीडितलाई निःशुल्क रुपमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने व्यवस्था हुनुपर्ने।
- जिल्लामा रहेका उजुरीहरु कतिपय जिल्ला प्रशासन कार्यालयमा, कतिपय जिल्ला प्रहरी कार्यालयमा र कतिपय दुवैमा रहेकोले यसमा एकरुपता ल्याउँन जिल्लास्थित संयन्त्रले कार्य गर्ने गरी जिल्ला प्रशासन कार्यालयमा ल्याउनु पर्ने।
- नेपालको संविधानको भाग ३, धारा २ को उपधारा (१०) ले निःशुल्क कानूनी सहायता पाउने विषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हक हित संरक्षण गर्न नसक्ने गरीब, विपन्न तथा पिछडिएका

अनुचित लेनदेन (मिटरब्याज) पीडित व्यक्तिलाई निःशुल्क कानूनी सुविधा उपलब्ध गराउने तर्फ जिल्लास्तरीय संयन्त्रले नै पहल गरिदिनु पर्ने।

- जिल्लास्थित संघ र प्रदेशका सम्बन्धित निकाय र स्थानीय सरकारले समन्वयात्माक रुपमा अनुचित लेनदेन सम्बन्धी कार्यक्रम सञ्चालन गरी व्यापक रुपमा जनचेतना बढाउनु पर्ने। यसको लागि संघका सम्बन्धित मन्त्रालयबाट परिपत्र हुनुपर्ने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहने, व्यवस्था गरेको छ। सो न्यायिक समितिले धेरै विषयमा पक्षहरु बीचमा मेलमिलाप गराउन सक्ने व्यवस्था गरेको भए पनि अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषयमा केही उल्लेख भएको देखिदैन। वास्तवमा यो विषय फौजदारी कसूर भएको कारणले प्रहरीले अनुसन्धान/ तहकिकात गरी सरकारी वकिलले अभियोजन गर्ने भए तापनि अभियोग पत्र दायर हुनु भन्दा अगाडि सम्बन्धित न्यायिक समितिमा छलफल गराउने व्यवस्था भएमा कतिपय अनुचित लेनदेन सम्बन्धी विवाद स्थानीय तह मै मेलमिलाप हुन सक्ने देखिन्छ। तसर्थ, अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित विषय एकपटक स्थानीय न्यायिक समितिमा छलफल भए पश्चयात मात्र जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी जिल्लास्तरीय संयन्त्रबाट फछ्यौट गर्ने व्यवस्थाका लागि सम्बन्धित कानूनमा आवश्यक संशोधनको व्यवस्था मिलाउने।
- अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरीहरुको कारण जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा अत्याधिक कार्यबोझ बढेको र मौजुदा दरबन्दीबाट त्यस्ता उजुरी फछ्यौंट गर्न सम्भव नदेखिएको हुँदा अत्याधिक उजुरी भएका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिलको कार्यालयमा केही समयका लागि थप जनशक्ति उपलब्ध गराउन आवश्यक देखिन्छ। उक्त कार्यमा संलग्न हुने कर्मचारीलाई निश्चित मापदण्ड बनाई अतिरिक्त आर्थिक सुविधा (Incentive) को व्यवस्था हुनु पर्ने। जिल्लामा दर्ता भएका उजुरी तथा निवेदनको संख्या र जिल्लाको कार्यबोझका आधारमा अतिरिक्त आर्थिक सुविधा (Incentive) दिनुपर्ने जिल्लाहरु प्रस्ताव गरिएको छ (अनुसूची-ङ)।
- अनुचित लेनदेन (मिटरब्याज) पीडितसँग खाली चेकमा हस्ताक्षर गराएर लिने र पछि चेकमा आफू खुसी अश्वाभाविक रकम नै भरेर चेक अनादरमा उजुरी गर्ने परिपाटी रहेको र त्यसरी उजुरी परेपछि अदालतबाट अन्य कुनै कुराको लेखाजोखा नगरी (रकम कुन माध्यमबाट दिएको हो, त्यती रकम दिने हैशियत उजुरीकर्ताको छ वा छैन, उसको बैध अर्को बैंक

स्रोत के छ आदी) चेकमा गरेको हस्ताक्षर प्रतिवादीको हस्ताक्षरसँग भिडेमा र खातामा पर्याप्त मौज्दात नभएमा यिनै दुईवटा विषयलाई आधार बनाएर दावी पुग्ने गरी फैसला हुने परिपाटी रहेकोमा २०८२/०१/२४ मा प्रमाणीकरण भएको बैकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०६४"द्वारा विनिमेय आधारपत्र ऐन, २०३४ को दफा १०७ क खारेज गरेपछि अव उप्रान्त चेक अनादरमा सिधै अदालतमा मुद्दा दर्ता हुन सक्ने परिपाटीको अन्त्य भै खाली चेकमा आफूखुसी रकम भरेर मुद्दा गर्ने परिपाटीको अन्त्य भएको छ। यो विषय अनुचित लेनदेन (मिटरब्याज) पीडितहरुका लागि सकारात्मक पक्ष मान्न सकिन्छ।

- विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क बमोजिम अदालतमा मुद्दा दायर गर्न नसक्ने भएपछि भुक्तानीको लागि खातामा पर्याप्त मौज्दात नभएको चेकको हकमा अनुसन्धान/ तहकिकात गर्नका लागि प्रहरी कार्यालयमा जाहेरी वर्खास्त दिनु पर्ने एउटा मात्र विकल्प कायम रहेको छ। यसरी खातामा पर्याप्त मौज्दात नभएको कारणबाट चेक फिर्ता भएर प्रहरीमा उजुरी गर्न आउने पक्षको चेकमा उल्लेख भएको रकम कुन स्रोतबाट के माध्यमबाट दिइएको भन्ने विषयमा सोधपुछ गरेर रकमको आधिकारिक स्रोत र सो रकम ऋणीलाई दिएको बैक स्टेटमेन्ट वा अन्य भरपर्दो प्रमाण पेश भएका वखत मात्र जाहेरी दरखास्त दर्ता गर्ने परिपाटी वसाउन सकेमा अश्वाभाविक रुपमा रकम बढाएर आफू खुसी चेकमा रकम उल्लेख गर्ने विकृत परम्पराको अन्त्य भै वास्तविक पीडितले न्याय पाउन सक्ने अवस्था आउने हुँदा सबै जिल्ला प्रहरी कार्यालयहरुलाई प्रहरी प्रधान कार्यालयबाट यस सम्बन्धमा परिपत्र गर्नुपर्ने। यसरी रकमको आधिकारिक स्रोत र रकम दिएको माध्यम र खोजि गर्ने परिपाटी कडाइका साथ परिपालना हुन आवश्यक छ।

८.२ आर्थिक तथा वित्तीय विषयसँग सम्बन्धित सुझाव

- गरीवहरुका लागि शिक्षा, स्वास्थ्य, लत्ताकपडा, विवाह, ब्रतबन्ध, छोराछोरीलाई विदेश पठाउँन वा अन्य आकस्मिक कार्य वा गर्जो टार्न पैसाको आवश्यकता पर्ने तर आय आर्जनको स्रोत (रोजगारी, स्वरोजगारी) नहुँदा अप्ठेरा शर्त स्वीकार गरेरै भए पनि उनीहरु ऋणको खोजीमा हुने अवस्था रहेछ। अत: देशभित्र पर्याप्त मात्रामा आय आर्जन र उत्पादनमूलक कामहरुको सृजना गर्न जनताको नजिकको सरकार (स्थानीय तह) ले विशेष पहल गर्नुपर्ने।
- वित्तीय तथा आर्थिक करोबार बैकिङ्ग प्रणाली मार्फत मात्र गर्ने प्रणाली विकास गर्नु पर्ने।

- ❖ गरीवहरु बैंकको ऋण तिर्न सक्षम र इमान्दार छन् (Poors are bankable) भन्ने बंगालादेशको ग्रामीण विकास वैंक अभियानका संस्थापक प्रो. मोहम्मद युनुसले भने झै स्थानीय तहको सिफारिशमा गरीवलाई बिना धितो ऋण दिने व्यवस्था गर्नु पर्ने।
- ❖ गरीब तथा मिटरब्याज पीडितहरुलाई लक्षित गरी जनचेतना र आर्थिक सशक्तिकरणका कार्यक्रम सबै स्थानीय तहले अनिवार्य रुपमा सञ्चालन गर्न/गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा परिपत्र गर्नु पर्ने।
- ❖ गरीब तथा सिमान्तकृत वर्गका लागि निश्चित परिमाण र निश्चित अवधिको लागि बिना ब्याज (पूर्व रुपमा ब्याज छुट) मा ऋण उपलब्ध गराउँन आवश्यक रकम बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) मार्फत व्यहोर्न आवश्यक व्यवस्था मिलाउने।
- ❖ ऋण असुली प्रकृयामा राष्ट्र बैंक मार्फत नीतिगत परिवर्तन गरी सहजीकरण गरिदिने। खास गरी किसानहरुको नियमित आम्दानी नहुने भएकोले १ देखि २ वर्षको भुक्तानी अवधि राखिदिनु पर्ने।

८.३ अन्य सुझाव

- ❖ राष्ट्रियस्तरदेखि जिल्ला र वडा तहसम्म अनुचित लेनदेन (मिटरब्याज) को समस्यालाई बुझ्ने, समाधान खोज्ने विषयमा राजनीतिक दल, नेतृत्व तहदेखि तल्लो तहसम्म कार्यरत सबै निजामती कर्मचारी, सुरक्षा निकाय, न्यायिक निकाय, विभिन्न संघसंस्था लगायत सबैमा सहकार्य, समन्वय र बुझाइमा एकरुपता हुनुपर्ने।
- ❖ अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी समस्या मूलतः गरिबी, बेरोजगारी, अशिक्षा, अज्ञानता, सचेतनाको कमी र यदाकदा भड्कीला सामाजिक परम्परा ईत्यादीको जगमा समेत हुने गरेकोले समस्याका कारक तत्व (Underlying causes) को सम्बोधन गर्नेतर्फ ३ तहका सरकार समन्वयात्मक तवरले काम गरी दीर्घकालिन समाधान खोज्नु पर्ने ।
- ❖ अनुचित लेनदेन सम्बन्धी विद्यमान कानूनी प्रावधानको बारेमा व्यापक रुपमा सचेतना बढाउनु पर्ने।
- ❖ कतिपय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी पीडितहरु अदालतको निर्णय बमोजिम (मुद्दाका कारण) जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका छन्। त्यस्ता वास्तविक पीडितलाई जिल्लास्तरीय संयन्त्रको सिफारिसमा कारागार प्रमुखले प्रचलित कानून

बमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालयमा पठाउने व्यवस्था गर्ने व्यवस्था मिलाउने।

- मिटरब्याज पीडित भई आफ्नो जायजेथा/ चल अचल सम्पत्ती सबै गुमाई पूर्ण रुपमा सुकुम्बासी भएकाको सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने समन्वय तथा सहजीकरण समितिले सम्बन्धित स्थानीय तह र भूमि आयोगसँग समन्वय गरी वास्तविक पीडितको पुनर्स्थापना गर्ने।
- उजुरी परेको ऋणदाता/साहूले भर्नुपर्ने फारम अनिवार्य रुपमा भर्नुपर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्ने।
- मिलापत्र गर्दा सकेसम्म मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४७८ (२) बमोजिम साहुले ऋणीबाट साँवा रकमको वर्षिक १० प्रतिशत भन्दा बढी नहुने गरी व्याज कायम हुने गरी गर्ने। तर साहु र ऋणी मञ्जुर भएमा बैंक तथा वित्तीय संस्था र सहकारी संस्थामा कायम रहेको ब्याज र सेवा शूल्कलाई आधार मानी सोभन्दा माथिको ब्याजदर पनि कायम गर्न सक्ने गरी जिल्लागत संयन्त्रले कार्य गर्नुपर्ने। बैंक तथा वितीय संस्था र सहकारी संस्थाहरुमा व्याज र सेवाशूल्क गरेर हाल २० प्रतिशतसम्म पनि व्याज लिने गरेको पाइन्छ। यस सम्बन्धी विवरण (अनुसूची-च) मा राखिएको छ।
- उजुरीको प्राथमिकीकरण तथा वर्गिकरण गरेर फछ्यौंट/मिलापत्र गरी वास्तविक पीडितलाई शीघ्र न्याय दिनु पर्ने।
- पीडक र पीडितसँग फोन सम्पर्क हुन नसकेमा वा फोन सम्पर्क भए पनि छलफलमा सहभागी नहुनेका उजुरी तामेलीमा राख्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिनु पर्ने।
- कतिपय पीडकहरुले पीडितमाथि नै मुद्दा दायर गरेको कारण पक्राउ पूँर्जी जारी भएको भए त्यस्ता पीडितहरुलाई छलफलमा आउने वातावरण जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले मिलाउनुपर्ने।
- पीडितहरुको संघर्ष समितिका कतिपय पदाधिकारीहरुको बारेमा वास्तविक पीडितहरुको गुनासो रहेकोले कही कतै दर्ता नभई अनौपचारिक रुपमा काम गर्दै आएको त्यस्तो समितिका पदाधिकारीमाथि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला सुरक्षा समितिले आवश्यक निगरानी राख्नु पर्ने।

अनुसूचीहरु

अनुसुची (क)- अनुचित लेनदेन सम्बन्धी निवेदन तथा उजुरीको जिल्लागत विवरण र फछ्र्यौटको अवस्था

क.सं.	जिल्ला	जम्मा निवेदन दर्ता	फछ्र्यौट भएका निवेदन/उजुरी	२०८१/१२/१३ गतेदेखि हालसम्म फछ्र्यौट संख्या	फछ्र्यौट हुन बाँकी संख्या	कैफियत
१	जिल्ला प्रशासन कार्यालय, धनुषा	१२५२४	१०६३	३०	११४६१	
२	जिल्ला प्रशासन कार्यालय, बारा	४५२७	१०९२	३२	३४३५	
३	जिल्ला प्रशासन कार्यालय, रौतहट	४३११	९३	६	४२१८	
४	जिल्ला प्रशासन कार्यालय, सिराहा	३८४२	६६८	०	३१७४	
५	जिल्ला प्रशासन कार्यालय, महोत्तरी	३१९५	०	०	३१९५	
६	जिल्ला प्रशासन कार्यालय, पर्सा	३११९	१४४१	२८	१६७८	
७	जिल्ला प्रशासन कार्यालय, सप्तरी	२७९४	५३१	२९	२२६३	
८	जिल्ला प्रशासन कार्यालय, सर्लाही	१३७८	०	०	१३७८	
९	जिल्ला प्रशासन कार्यालय, रुपन्देही	९३६	४५१	१३	४८५	
१०	जिल्ला प्रशासन कार्यालय, दाङ्ग	६८६	९७		५८९	
११	जिल्ला प्रशासन कार्यालय, सुनसरी	६०६	१२८	८	४७८	
१२	जिल्ला प्रशासन कार्यालय, नवलपरासी ढबर्दघाट सुस्ता पश्चिम)	५४०	०	०	५४०	
१३	जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	४६९	०	०	४६९	
१४	जिल्ला प्रशासन कार्यालय,कैलाली	४३०	१९९	०	२३१	
१५	जिल्ला प्रशासन कार्यालय, काठमाडौं	३९८	०	०	३९८	
१६	जिल्ला प्रशासन कार्यालय, बर्दिया	३७८	८२	४	२९६	
१७	जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु	३२४	१३०	२	१९४	
१८	जिल्ला प्रशासन कार्यालय, सुर्खेत	२२०	१	०	२१९	

१९	जिल्ला प्रशासन कार्यालय, भक्तपुर	११७	६०	०	५७	
२०	जिल्ला प्रशासन कार्यालय, बाँके	११०	०	०	११०	
२१	जिल्ला प्रशासन कार्यालय, झापा	९८	०	०	९८	
२२	जिल्ला प्रशासन कार्यालय, चितवन	९८	४२	३	५६	
२३	जिल्ला प्रशासन कार्यालय, कास्की	८४	७०	२	१४	
२४	जिल्ला प्रशासन कार्यालय, कन्चनपुर	५०	१८	८	३२	
२५	जिल्ला प्रशासन कार्यालय, नवलपरासी ढबर्दघाट सुस्ता पूर्व)	४९	२१	०	२८	
२६	जिल्ला प्रशासन कार्यालय, ललितपुर	३५	२	०	३३	
२७	जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक	१६	६	०	१०	
२८	जिल्ला प्रशासन कार्यालय, तनहुँ	१५	२	०	१३	
२९	जिल्ला प्रशासन कार्यालय, नुवाकोट	११	१	०	१०	
३०	जिल्ला प्रशासन कार्यालय, पर्वत	८	८	०	०	
३१	जिल्ला प्रशासन कार्यालय, मकवानपुर	७	०	०	७	
३२	जिल्ला प्रशासन कार्यालय, स्याङ्जा	६	३	०	३	
३३	जिल्ला प्रशासन कार्यालय, इलाम	५	५	०	०	
३४	जिल्ला प्रशासन कार्यालय, म्याग्दी	४	४	०	०	
३५	जिल्ला प्रशासन कार्यालय, पाँचथर	३	३	०	०	
३६	जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक	३	०	०	३	
३७	जिल्ला प्रशासन कार्यालय, जुम्ला	३	३	०	०	
६३	जिल्ला प्रशासन कार्यालय, सल्यान	३	३	०	०	
३८	जिल्ला प्रशासन कार्यालय, उदयपुर	२	०	०	२	
३९	जिल्ला प्रशासन कार्यालय, संखुवासभा	१	०	०	१	
४०	जिल्ला प्रशासन कार्यालय, धनकुटा	१	०	०	१	
४१	जिल्ला प्रशासन कार्यालय, भोजपुर	१	०	०	१	
४२	जिल्ला प्रशासन कार्यालय, सिन्धुली	१	०	०	१	

४३	जिल्ला प्रशासन कार्यालय, रुकुम - पूर्व	१	१	०	०	
४४	जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ	०	०	०	०	
४५	जिल्ला प्रशासन कार्यालय, तेह्रथुम	०	०	०	०	
४६	जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग	०	०	०	०	
४७	जिल्ला प्रशासन कार्यालय, सोलुखुम्वु	०	०	०	०	
४८	जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा	०	०	०	०	
४९	जिल्ला प्रशासन कार्यालय, दोलखा	०	०	०	०	
५०	जिल्ला प्रशासन कार्यालय, रामेछाप	०	०	०	०	
५१	जिल्ला प्रशासन कार्यालय, रसुवा	०	०	०	०	
५२	जिल्ला प्रशासन कार्यालय, धादिङ	०	०	०	०	
५३	जिल्ला प्रशासन कार्यालय, गोरखा	०	०	०	०	
५४	जिल्ला प्रशासन कार्यालय, लमजुङ्ग	०	०	०	०	
५५	जिल्ला प्रशासन कार्यालय, मनाङ्ग	०	०	०	०	
५६	जिल्ला प्रशासन कार्यालय, मुस्ताङ्ग	०	०	०	०	
५७	जिल्ला प्रशासन कार्यालय, वागलुङ्	०	०	०	०	
५८	जिल्ला प्रशासन कार्यालय, गुल्मी	०	०	०	०	
५९	जिल्ला प्रशासन कार्यालय, रोल्पा	०	०	०	०	
६०	जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची	०	०	०	०	
६१	जिल्ला प्रशासन कार्यालय, पाल्पा	०	०	०	०	
६२	जिल्ला प्रशासन कार्यालय प्यूठान	०	०	०	०	
६४	जिल्ला प्रशासन कार्यालय, डोल्पा	०	०	०	०	
६५	जिल्ला प्रशासन कार्यालय, मुगु	०	०	०	०	
६६	जिल्ला प्रशासन कार्यालय, हुम्ला	०	०	०	०	
६७	जिल्ला प्रशासन कार्यालय, कालीकोट	०	०	०	०	
६८	जिल्ला प्रशासन कार्यालय, जाजरकोट	०	०	०	०	
६९	जिल्ला प्रशासन कार्यालय, दैलेख	०	०	०	०	

७०	जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम)	०	०	०	०	
७१	जिल्ला प्रशासन कार्यालय, अछाम	०	०	०	०	
७२	जिल्ला प्रशासन कार्यालय, बैतडी	०	०	०	०	
७३	जिल्ला प्रशासन कार्यालय, बझाङ्ग	०	०	०	०	
७४	जिल्ला प्रशासन कार्यालय, दार्चुला	०	०	०	०	
७५	जिल्ला प्रशासन कार्यालय, डोटी	०	०	०	०	
७६	जिल्ला प्रशासन कार्यालय,बाजुरा	०	०	०	०	
७७	जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा	०	०	०	०	
	कुल जम्मा	४१४०९	६२२८	१६५	३५१८१	

अनुसुची (ख)- उजुरीहरुको प्राथमिकीकरण तथा वर्गिकरण

उजुरी/निवेदन को वर्गीकरण तथा प्राथमिकीकरणका आधारहरु

१) पहिलो प्राथमिकता

समयको हकमा २०८०/०४/१२ पछि लेनदेन कारोवार भएको विषयका उजुरी/निवेदन

रकम- ५ लाख रुपैंया सम्मको उजुरी/निवेदन

- जग्गा रजिष्ट्रेशन पारित भएको हकमा रजिष्ट्रेशन पारित गरेको जग्गा असामी (पीडित)ले नै निरन्तर भोगचलन गरेको अवस्था भएमा त्यस्ता उजुरी तथा निवेदन

२) दोस्रो प्राथमिकता

समय- २०७५/०५/०१ देखि २०८०/०४/१२ सम्म लेनदेन कारोवार भएको विषयका उजुरी/निवेदन

रकम- ५ लाख देखि १० लाख रुपैंया सम्मक उजुरी/निवेदन

३) तेस्रो प्राथमिकता

रकम- १० लाखदेखि १५ लाख रुपैंया सम्मको उजुरी/निवेदन

समय- २०७० बैशाख १ देखि २०७५/०५/०१ सम्म

४) अन्तिम प्राथमिकता

रकम- १५ लाख रुपैया भन्दा माथिका सबै उजुरी/निवेदन

समय- २०७० वैशाख भन्दा अगाडिका सबै

अनुसूची (ग)-वर्तमान कानूनमा संसोधन गर्नुपर्ने विषयको मस्यौदा

मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस संहिताको नाम "मुलुकी फौजदारी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८२" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ मा संशोधन: मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ (यसपछि " मूल संहिता भनिएको) को दफा ११६ क. पछि देहायको दफा ११६ख. थपिएको छ:-

"११६ख अनुचित लेनदेनमा मेलमिलाप गराउन सक्ने: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अचुचित लेनदेनको विवादमा विवादका पक्षहरुबिच मेलमिलाप गराउनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक संयन्त्र रहनेछ र उक्त संयन्त्रले अनुचित लेनदेनको विवादमा विवादका पक्षहरुबिचको सहमतिका आधारमा मेलमिलाप गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलाप भएको विवाद अदालतमा विचारधिन रहेछ भने त्यस्तो विवादमा मिलापत्र गराउनको लागि दफा ११७ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।"

(३) यो दफा ऐन प्रमाणिकरण भएको दुई वर्षसम्म कायम रहने छ।

३. मूल संहिताको दफा १९७ (३) मा संशोधन: मूल संहिताको दफा १९७ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ:-

"(च१) दफा ११६ख बमोजिम अनुचित लेनदेनको विवादमा मेलमिलाप गराउने संयन्त्र तथा प्रक्रियाका सम्बन्धमा महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले।"

अनुसूची (घ)- अनुचित लेनदेन मेलमिलाप निर्देशिका, २०८२

अनुचित लेनदेन मेलमिलाप निर्देशिका, २०८२

(मस्यौदा)

<u>प्रस्तावना</u>:

अनुचित लेनदेनलाई मुलुकी अपराध संहिता,२०७४ को दफा २४९ (क) ले फौजदारी कसूरको रुपमा परिभाषित गरेकोछ। त्यस्ता प्रकृतिका अपराधहरु देशभर व्यापक रुपमा फैलिएका छन्, जसले विपन्न र आर्थिक रुपमा कमजोर वर्गलाई पीडित बनाएकोले त्यस्ता पीडित व्यक्तिहरुलाई व्यवहारिक र न्यायसम्मत राहत दिलाउनका लागि मेलमिलाप नै सर्वोत्तम उपाय भएको हुँदा सो प्रयोजनका लागि प्रत्येक जिल्लामा जिल्ला स्तरीयको संयन्त्र आवश्यकता देखिएकोले जिल्ला प्रशासन कार्यालयको संयोजकत्वमा एउटा मेलमिलाप समिति गठन तथा त्यसको काम, कर्तव्य र अधिकार सहितको मेलमिलाप निर्देशिका बनाउन बाञ्छानीय भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (च१) ले दिएको अधिकार प्रयोग गरी महान्यायधिवक्तासँग परामर्श लिई नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. <u>नाम र प्रारम्भ</u>: (१) यस निर्देशिकाको नाम "**अनुचित लेनदेन मेलमिलाप निर्देशिका, २०८१**" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मेलमिलाप समिति सम्झनुपर्छ।

ख) "अनुचित लेनदेन" भन्नाले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९क. बमोजिमको कसूर हुन सक्ने लेनदेन सम्झनु पर्छ।

ग) "पीडित" भन्नाले अनुचित लेनदेनबाट प्रभावित व्यक्ति सम्झनु पर्छ।

घ) "पीडक" भन्नाले अनुचित लेनदेनको माध्यमबाट लगानी गर्ने व्यक्ति सम्झनु पर्छ।

३. <u>समितिको गठन:</u> प्रत्येक जिल्लामा देहाय बमोजिमको अनुचित लेनदेन मेलमिलाप समिति गठन गरिनेछ:-

क) सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक

ख) जिल्ला प्रहरी कार्यालयको प्रमुखले तोकेको नायब प्रहरी उपरीक्षक वा प्रहरी निरिक्षक - सदस्य

ग) जिल्ला सरकारी वकीलको कार्यालयको प्रतिनिधि - सदस्य

समितिले आवश्यकता अनुसार स्थानीय तहका प्रतिनिधि, पीडितका प्रतिनिधि लगायतलाई आमन्त्रण गर्न सक्ने छ।

४. <u>समन्वय तथा सहजीकरण समिति:</u> (१) अनुचित लेनदेनको विषयमा निर्देशन, समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एउटा समन्वय तथा सहजीकरण समिति रहनेछ:-

क) प्रमुख जिल्ला अधिकारी - संयोजक

ख) जिल्ला प्रहरी प्रमुख - सदस्य

ग) जिल्ला न्यायधिवक्ता - सदस्य

(२) समन्वय तथा सहजीकरण समितिले आवश्यकता अनुसार विषय विज्ञ, पीडितका प्रतिनिधि तथा स्थानीय निकायका सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

५. <u>उजुरी दिनु पर्ने</u>: (१) अनुचित लेनदेनबाट पीडित व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पीडितको निवेदन पर्न आएमा समितिले पीडकको नाममा ७ दिनको समय दिएर उपस्थितिका लागि म्याद पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद प्राप्त भएको मितिले ७ दिनभित्र पीडक पक्ष समिति समक्ष उपस्थित हुनु पर्नेछ।

(४) काबु वाहिरको परिस्थिति परेमा पीडक पक्षले प्रमाण सहित म्याद थमाउने निवेदन दिएमा निजलाई ७ (सात) दिनको म्याद दिन सकिनेछ।

(५) समितिले जारी गरेको म्यादमा उपस्थित हुन अटेरी गर्ने पीडक पक्षलाई समितिले जिल्ला प्रहरीको सहयोगमा उपस्थित गराउन सक्नेछ।

(६) पीडक पक्षले समिति समक्ष उपस्थित भई अनुसूची २ बमोजिमको ढाँचामा विवरण भर्नु पर्नेछ।

६. छलफल गराउनु पर्ने:- (१) समितिले पीडित र पीडक दुवै पक्षलाई रोहवरमा राखी मेलमिलाप गराउने प्रयोजनको लागि छलफल गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल गराउँदा पीडक र पीडित पक्षले आपसी समझदारीमा स्वीकार गरिएको शर्तमा समितिले मेलमिलाप गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मेलमिलाप भएमा समितिले अनुसूचि ३ बमोजिमको ढाँचामा मेलमिलाप गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको मेलमिलाप दुवै पक्षको लागि मान्य हुनेछ।

(५) पीडित र पीडकका बीचमा अदालतमा मुद्दा परेको विषयमा दुवै पक्षबीच मेलमिलाप भएमा सोही बेहोरा जनाएर समितिले मुद्दा मिलापत्रको लागि सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ।

७. लचकता अपनाउनु पर्ने: समितिले पीडित र पीडक बीच छलफल गराई सहमतिमा पुग्ने सिलसिलामा ब्याजको निश्चित प्रतिशतमा अडान नराखी बैंक तथा बित्तीय संस्था एवं सहकारी संस्थाले लिने ब्याज तथा सेवा शुल्कलाई समेत दृष्टिगत गरेर आवश्यक लचकता अपनाउन सक्नेछ।

८. मेलमिलाप हुन नसकेमा गर्ने: (१) दफा ५ बमोजिम मेलमिलाप हुन नसकेको अवस्थामा विषयवस्तुको गम्भिर्यता र प्राप्त प्रमाण समेतका आधारमा पीडकका विरुद्ध मुद्दा चल्न सक्ने अवस्था भए जाहेरी दर्खास्त दर्ता गरी अनुसन्धान अगाडि बढाउन प्राप्त उजुरी सहितका कागजात जिल्ला प्रहरी कार्यालयमा पठाउने, मुद्दा चल्न नसक्ने अवस्थाको विषय देखिएमा समितिले निर्णय गरी उजुरी तामेलीमा राखिदिनु पर्नेछ।

(२)उपदफा (१) बमोजिम जाहेरी दर्खास्त दर्ता गर्नु पर्ने निर्णय गर्दा हद म्यादको विषयलाई महत्वमा साथ हेर्नु पर्नेछ।

९. काम कारवाहीमा निश्पक्षता: समितिले पक्षहरुका बीचमा छलफल गराउँदा र मेलमिलाप सम्बन्धी प्रकृया चलिरहेको अवस्थामा सम्पूर्ण काम कारवाहीमा निश्पक्षता कायम गर्नु पर्नेछ।

१०. पारदर्शिता कायम गर्ने: समितिले पक्षहरुका बीचमा छलफल गराउँदा आफ्ना काम कारवाहीमा पारदर्शिता कायम गर्नु पर्नेछ।

११. उचित र समान व्यवहार गर्ने: समितिले पक्षहरुका बीचमा मेलमिलाप गराउने सिलसिलामा दुवै पक्षलाई उचित र समान व्यवहार गर्नु पर्नेछ।

१२. माफी मिनाहाका लागि सिफारिस गर्ने: समितिले अनुचित लेनदेनसँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानून

बमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि प्रकृया पुऱ्याएर सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

१३. <u>समन्वय तथा सहजीकरण गर्ने:</u> समितिले अनुचित लेनदेनको परिणामबाट प्राप्त भएको सम्पतिको हक हस्तान्तरण बदर सम्बन्धी कारवाही गर्नु पर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गरी उचित निकासाको व्यवस्था गर्न सक्नेछ।

१४. <u>पुनर्स्थापनाका लागि सिफारिस गर्ने:</u> समितिले विषयवस्तुको सघनता अध्ययन गरी पीडितलाई क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

अनुसूची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

अनुचित लेनदेन सम्बन्धी पीडितले भर्ने निवेदन फारम

1. निवेदक (ऋण/कर्जा लिने व्यक्ति) को विवरण:

सम्बन्धित कार्यालयले भर्ने:
दर्ता नं.:
दर्ता मिति:
कार्यालय:

नाम, थर : उमेर:

नागरिकता नं: जिल्ला: जारी मिति:

पिताको नाम, थर : निवेदकको फोन/मोबाईल नं:

पति/पत्नीको नाम थर: फोन/मोबाईल नं:

सगोल परिवारको सदस्य संख्या: वार्षिक आम्दानी:

स्थायी ठेगाना: हाल बसोबासको ठेगाना:

प्रदेश: जिल्ला: प्रदेश: जिल्ला:

न.पा./गा.पा: वडा नं. : न.पा./गा.पा: वडा नं. :

(PAN) नं. पेशा/व्यवसाय: शैक्षिक योग्यता:

2. विपक्षी (कर्जा दिने व्यक्ति) को विवरण:

नाम, थर: उमेर :

पिताको नाम, थर : फोन/मोबाईल नं:

पति/पत्नीको नाम थर:

फोन/मोबाईल नं:

स्थायी ठेगाना:

प्रदेश: जिल्ला:

न.पा./गा.पा: वडा नं.:

हाल बसोबासको ठेगाना:

प्रदेश: जिल्ला:

न.पा./गा.पा: वडा नं.:

पेशा/व्यवसाय:

शैक्षिक योग्यता:

३. ऋण/कर्जा कारोबारको विवरण:

(क) ऋण लिनुपर्ने कारण/प्रयोजन(✓)

(अ) विवाह ☐

(आ) शिक्षा ☐

(इ) उपचार ☐

(ई) वैदेशिक रोजगारमा पठाउन ☐

(उ) अरुको ऋण तिर्न ☐

(ऊ) घर निर्माण/जग्गा खरिद ☐

(ऋ) सवारी साधन खरिद ☐

(ऌ) अन्य सामाजिक व्यवहार चलाउन

जन्म ☐ मृत्यु ☐ पासनी ☐ व्रतवन्ध ☐ कर्मकाण्ड ☐ अन्य ☐

(ख) कर्जा कारोबार भएको मिति:.

(ग) कर्जा कारोबार भएको स्थान:

(घ) कर्जा कारोबार भएको रकम:

(ङ) कर्जा कारोबार हुँदाका बखतका साक्षीहरु

(अ) ....:

(आ).................................

(इ) ....

(ई) ....

(उ) लिखत लेख्ने व्यक्तिको नाम, थर.. ठेगाना ....

४. ऋण/कर्जा लिएको माध्यम (✓)

(क) नगद ☐

(ख) चेक ☐

(ग) जिन्सी ☐

(घ) चेक र नगद दुवै ☐

(ङ) अन्य ☐

५. ऋण/कर्जा लिंदाका बखतका विवरण तथा शर्तहरु:

(क) कर्जा लिंदा तमसुक/लिखत/सम्झौता भएको ☐ नभएको ☐

(अ) लेनदेन भएको रकम र तमसुकमा उल्लेख भएको रकम समान भएको ☐ नभएको ☐

(आ) लिखत/तमसुकमा उल्लेख भएको रकम ☐

(इ) ऋण/कर्जा कारोबार भएको वास्तविक रकम ☐

(ई) ऋण लिंदा सही छाप मात्र गरी धनीलाई खाली चेक दिएको ☐ नदिएको ☐

(उ) धनी/साहुलाई रकम उल्लेख भएको चेक दिएको भए, चेकमा के कति रकम भरेको हो? ☐

(ऊ) लिखत/तमसुक परिवर्तन गरेको ☐ नगरेको ☐

(ख) जग्गा राजिनामा पारीत गरी दिई ऋण/कर्जा लिएको सम्बन्धमा:

(अ) जग्गा फिर्ता गर्ने शर्त राखिएको थियो ☐ थिएन ☐

(आ) कुनै अर्को शर्त राखेर अर्को लिखत/तमसुक खडा गरिएको थियो ☐ थिएन ☐

(ग) हाल सो जग्गाको भोग कसले गरिरहेको छ?

निवेदक ☐ विपक्षी ☐ अन्य व्यक्ति ☐

अन्य व्यक्ति भए निजको नाम, थर...................... ठेगाना.........................

(घ) जग्गा दृष्टिबन्धक गरी पारित गरिदिई ऋण/कर्जा लिएकोमा:

(अ) जग्गा दृष्टिबन्धक लिखत गर्दा अन्य केही शर्त राखिएको थियो ☐ थिएन ☐

(आ) शर्त राखिएको भए के शर्त राखिएको थियो? ☐

(इ) उक्त दृष्टिबन्धक राखिएको जग्गाको भोग चलन कसले गरिरहेको छ?

निवेदक ☐ विपक्षी ☐ अन्य व्यक्ति ☐

अन्य व्यक्ति भए निजको नाम, थर...................... ठेगाना.........................

(ङ) तमसुक/शर्तनामामा जमानी राखेको भए:

(क) जमानी बस्नेको कुनै शर्त थियो ☐ थिएन ☐

(ख) शर्त थियो भने के थियो? ☐

६. लिखत/तमसुकमा उल्लेख भएको मुलधन र ब्याज सम्बन्धमा:

(क) लिखत/तमसुकमा उल्लेख भएको ब्याजदर प्रतिशत ☐

(ख) बुझाउने/बुझाएको ब्याजदर प्रतिशत ☐

(ग) हाल सम्म बुझाएको ब्याज रकम ☐

(घ) ब्याज बुझाएको माध्यम

(अ) नगद ☐

(आ) चेक ☐

(इ) जिन्सी ☐

(ई) चेक र नगद दुवै ☐

(उ) अन्य ☐

(ङ) हालसम्म बुझाएको मूल धन वापतको रकम

(च) बुझाउन बाँकी रकम

(छ) वडा कार्यालयमा लिखत दर्ता भएको नभएको भएको भए दर्ता नं.

7. तमसुक/लिखत अनुसार कर्जाको साँवा ब्याज बुझाउने अन्तिम म्याद (भाखा) ....

8. ऋण/कर्जा कारोवारको सम्बन्धमा अदालतमा मुद्दा परेको छ छैन

(क) अदालतमा मुद्दा दायर भएको भए:

(अ) मुद्दा विचाराधीन अवस्थामा रहेको

(आ)फैसला भई फैसला कार्यान्वयन हुन बाँकी रहेको

(इ) फैसला भई फैसला कार्यान्वयन भई सकेको।

(ख) मुद्दाको विषय.. मुद्दा नं...................

9. अदालतको फैसलाको अवस्था:

(क) फैसला बमोजिम भरीभराउ भई पीडितको अचल सम्पत्ति डाँक लिलाम

भएको नभएको

(ख) डाँक लिलाममा उक्त अचल सम्पत्ति कसले सकार गरेको हो?

नाम, थर.............................. ठेगाना...........................

(ग) फैसला बमोजिम रकम असुल उपर गर्न सम्पत्ति नभएकोले थुनामा राखी पाऊ भन्ने निवेदन

परेको नपरेको

(घ) थुनामा राख्ने आदेश भएको नभएको

(ङ) थुनामा गैसकेको भए थुनामा गएको मिति................. र थुनामा बस्नुपर्ने अवधि............................

10. ऋणी उपर चेक बाउन्स सम्बन्धी मुद्दा भएको नभएको भएको भए त्यो मुद्दाको

अवस्था:

(क) विचाराधीन अवस्थामा रहेको

(ख) विगो भराउने र जरिवाना मात्र भएको

(ग) फैसलाले विगो भराएर जरिवाना र कैद समेत हुने ठहराएको छ

सो फैसला भएको भए बिगो जरिवाना कैद

(घ) बैंङ्किङ कसुर/चेक अनादर मुद्दामा फैसला कार्यान्वयन भएको नभएको

(ङ) फैसला भएको भए कार्यान्वयनको अवस्था:.....................

11. निवेदकको (ऋण/कर्जा लिने व्यक्ति) आर्थिक अवस्था:

(क) घरको विवरण:

(अ) घरको संख्या:

(आ) घरले चर्चेको जग्गाको क्षेत्रफल:

(इ) घरको किसिम (कच्ची/पक्की):

(ई) घरको तला:

(उ) घर रहेको स्थान...................... जिल्ला.............. न.पा./गा.पा........... वडा नं..

(ख) जग्गाको विवरण:.

कित्ता नंवर	क्षेत्रफल	जिल्ला	न.पा./गा.पा.	वडा नं.
(अ)				
(आ)				
(इ)				

नोट: एक भन्दा बढि ठाउँ /स्थानमा घर/जग्गा भएमा सोही बमोजिम सबै विवरण छुट्टै पानामा उल्लेख गर्ने)

(ग) सवारी साधनको विवरण:

(घ) चल सम्पत्तिको विवरण:

(ङ) बैंक तथा वित्तिय संस्था (सहकारी/लघुवित समेत) मा खोलिएको बैंक खाता विवरण:

(अ) बैंक तथा वित्तिय संस्थाको नाम.................

(आ) शाखा/उपशाखा......................

(इ) खाता खोलेको मिति:...................

(ई) खातामा मौज्दात रकम...................

12. यो कर्जा कारोवारको सम्बन्धमा पीडितले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ क. (अनुचित लेनदेन गर्न नहुने) अनुसार सम्बन्धित प्रहरी कार्यालयमा उजुरी/जाहेरी दिएको

छ ☐ छैन ☐

(क) उजुरी/जाहेरी दिएको भए:

सो मुद्दा कुन अवस्थामा छ?

(अ) अभियोग पत्र पेश भएको ☐ नभएको ☐

(आ) पीडक थुनामा रहेको ☐ नरहेको ☐

(इ) पीडक धरौटीमा छुटेको ☐

(ई) पीडकले सजाय पाएको ☐ सफाई पाएको ☐

13. यो लेनदेनको साँवा र ब्याजको सम्बन्धमा अन्य केही कुरा खुलाउनु पर्ने भए?

14. यो निवेदनको ब्यहोरा पुष्टि गर्ने निम्न कागजातको फोटोकपी यसैसाथ संलग्न गरेको छु।

(क)

(ख)

(ग)

15. माथि लेखिएको व्यहोरा मैले जाने बुझेसम्म ठिक साँचो हो। यसमा फरक परे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरिदिए

ल्याप्चे सहीछाप:

दायाँ बाँयाँ

सहीछाप गर्नेको नाम, थर:

हस्ताक्षर:..............

मिति:....................

अनुसूची २
(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

अनुचित लेनदेन सम्बन्धी ऋण दिने व्यक्ति /पीडकले भर्नुपर्ने फारम

नाम, थर: उमेर:

सम्बन्धित कार्यालयले भर्ने
दर्ता नं.:
दर्ता मिति:
कार्यालय:

नागरिकता नं: जिल्ला: जारी मिति:

बुवाको नाम, थर: फोन/मोबाईल नं:

पति/पत्नीको नाम थर: फोन/मोबाईल नं:

सगोल परिवारको सदस्य संख्या: वार्षिक आम्दानी:

स्थायी ठेगाना: हाल बसोबासको ठेगाना:

प्रदेश: जिल्ला: प्रदेश: जिल्ला:

न.पा./गा.पा: वडा नं.: न.पा./गा.पा: वडा नं. :

(PAN) नं. पेशा/व्यवसाय: शैक्षिक योग्यता

I. आर्थिक अवस्था:

(च) घरको विवरण:

(ऍ) घरको संख्या:

(ऎ) घरले चर्चेको जग्गाको क्षेत्रफल:

(ए) घरको किसिम (कच्ची/पक्की):

(ऐ) घरको तला:

(ऑ)घर रहेको स्थान........................... जिल्ला.............. न.पा./गा.पा................. वडा नं............

(ऒ) एक भन्दा बढि घर भए, अर्को घरको: स्थान...................... जिल्ला.............. न.पा./गा.पा.......... वडा नं....

(छ) जग्गाको विवरण:.

	कित्ता नंबर	क्षेत्रफल	जिल्ला	न.पा./गा.पा.	वडा नं.
(अ)					
(आ)					
(इ)					
(ई)					

(नोट: एक भन्दा बढि ठाउँ /स्थानमा घर/जग्गा भएमा सोही बमोजिम सवै विवरण छुट्टै पानामा उल्लेख गर्ने)

(ज) सवारी साधनको विवरण:

(ऊ) मोटरको संख्या:

(ऋ) मोटर साईकलको संख्या:

(ऌ) स्कुटरको संख्या:

(ऍ) घोडाको संख्या:

(ऎ) अन्य सवारी साधनको संख्या:

(झ) चल सम्पत्तिको विवरण:

(अ) नगद:

(आ) सुन, चाँदी:

(इ) बैंक तथा वित्तिय संस्था (सहकारी/लघुवित्त समेत) मा खोलिएको बैंक खाता विवरण:

- संस्थाको नाम.................
- शाखा......................
- खाता खोलेको मिति:...................
- बैंक मौज्दात...................

(नोट: एक भन्दा बढि बैंक वा वित्तिय संस्थामा खाता खोलिएको भए विवरण उल्लेख गर्ने)

(ञ) बैङ्क तथा वित्तिय संस्था (सहकारी/लघुवित्त समेत) बाट ऋण लिएको भए:

(अ) संस्थाको नाम.............................. (आ) शाखा................. (इ)कर्जाको दायित्व.................

(ई) तिर्न बाँकी कर्जा रकम:..............................

(नोट: एक भन्दा बढि बैंक वा वित्तिय संस्थाबाट ऋण लिएको भए उल्लेख गर्ने)

२. ऋण/कर्जा लिने व्यक्तिको विवरण:

(क) कर्जा लिने व्यक्तिको नाम, थर:.......................... ठेगाना:................................

(ख) कर्जा कारोबार गरेको मिति:...........................

(ग) कर्जा कारोबार रकम:...........................

(घ) कारोबार गरेको माध्यम:

अ. नगद दिएको ☐

आ. ऋणीको जग्गा राजिनामा पारित गराइएको ☐

इ. ऋणीको जग्गा दृष्टिबन्धक गराइएको ☐

ई. ऋणी सँग लिखत/तमसुक गराएको वा नगराएको ☐

उ. चेकको माध्यमबाट ऋण दिएको ☐

ऊ. ऋण दिँदा ऋणी सँग चेक लिइएको ☐

ऋ. लिखत/तमसुक गराई ऋणीसँग चेक लिएको ☐

(ङ) अन्य व्यक्तिलाई ऋण दिएको भए अन्य ऋणीको संख्या ☐ कुल ऋण रकम ☐

(च) सम्बन्धित वडा कार्यालयमा कर्जाको लिखत दर्ता भएको ☐ नभएको: ☐ भएको भए दर्ता नं. ☐

3. यो लेनदेन कारोबारको रकमबाट हालसम्म प्राप्त गरेको ब्याज रकम:

(क) नगद
(ख) चेक
(ग) जिन्सी
(घ) अन्य

4. यो लेनदेनको कारोबारबाट हालसम्मको प्राप्त मुलधन रकम:

(क) नगद
(ख) चेक
(ग) जिन्सी
(घ) अन्य

5. उजुरी कर्ता सँग असुल गर्न बाँकी कर्जा रकम: सावाँ ब्याज:

6. कर्जा दिएको बखत जग्गा राजिनामा/दृष्टिबन्धक पारित गरिएको भए:

(क) साविकको जग्गा धनीको नाम, थर:
(ख) ऋणीको नाम, थर:
(ग) जग्गा पारित गरी लिएको व्यक्तिको नाम, थर:
(घ) लिखत रजिष्ट्रेशन गराई लिने व्यक्तिसँग तपाईको नाता, सम्बन्ध:
(ङ) जग्गाको किता नं .... क्षेत्रफल...................
(च) जग्गा रहेको स्थान:............. जिल्ला:............... न.पा./गा.पा.................. वडा नं.:.......
(छ) जग्गा रजिष्ट्रेशन भएको मिति:................

7. कर्जा दिएको बखत ऋणी सँग बैंक चेक लेखाई लिएको छ छैन

त्यस्तो चेक लिएको भए:

(क) चेक उपलब्ध गराउने व्यक्तिको नाम, थर:..................................
(ख) चेक प्राप्त गर्ने व्यक्तिको नाम, थर:..
(ग) चेक काटेको मिति:...................
(घ) चेक बाउन्स भएको मिति:...................
(ङ) चेकमा उल्लेख भएको रकम:........................
(च) चेक सम्बन्धी अन्य विवरण:.......................

8. कर्जा कारोवारको सम्बन्धमा निज ऋणीको विरुद्धमा अदालतमा मुद्दा परेको

(क) अदालतमा मुद्दा दायर भएको भए हालको अवस्था:

(अ) विचाराधीन रहेको

(आ)फैसला भैसकेको

(इ) फैसला कार्यान्वयन भैसकेको

(ई) फैसला कार्यान्वयनको क्रममा रहेको

(उ) फैसला कार्यान्वयन नभएको

(ऊ) आशिंक रुपमा फैसला कार्यान्वयन भएको

(ख) मुद्दाको विषय र मुद्दा नं...........................

(ग) नपुग बिगो वापत ऋणि कैदमा रहेको अवस्था छ ☐ छैन ☐

९. अदालतबाट मुद्दा फैसला भइसकेको भए (✓)

(क) विगो भराउने/जरिवाना/कैद तीनै प्रकारको सजाय भएको ☐

(ख) बिगो भराउने र जरिवाना मात्र भएको ☐

१०. कर्जा लेनदेनको क्रममा दृष्टिबन्धक/राजीनामा पारित गरेको भए घर/जग्गा हाल कसले भोगचलन गरिरहेको छ?

११. रजिष्ट्रेशन पारित गर्दा छुट्टै शर्तनामाको कागज गरिएको थियो ☐ थिएन ☐
गरिएको भए के शर्त राखिएको थियो?

(क) ☐

(ख) ☐

(ग) ☐

१२. यो लेनदेन सम्बन्धमा अन्य केही कुरा खुलाउनुपर्ने भए?

१३. यो निवेदनको ब्यहोरा पुष्टि गर्ने निम्न कागजातहरु (लिखत/तमसुक समेत) फोटोकपी यसैसाथ संलग्न गरेको छु।

(अ)

(आ)

(इ)

१४. माथि लेखिएको व्यहोरा मैले जाने बुझेसम्म ठिक साँचो हो। यसमा फरक परे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरिदिए

ल्याप्चे सहीछापः

दायाँ　　　　　　　　बाँया

सहीछाप गर्नेको नाम थर

हस्ताक्षरः..............

मितिः....................

अनुसूची ३ (दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

मेलमिलापको ढाँचा

अनुचित लेनदेन सम्बन्धी जिल्ला स्तरीय समिति

.... जिल्ला

मिति २०८..।.....।.... गते

यसमा मेलमिलापको कागजको तल उल्लेखित व्यहोरा, त्यसको मतलब र परिणाम दुवै पक्षलाई सुनाउँदा समेत मञ्जुर गरेकोले पक्षहरु बीच मेलमिलाप भएको व्यहोरा प्रमाणित गरिएको छ।

लिखितम् निवेदकहरु........................... र विपक्षी.. आगे जिल्ला प्रशासन कार्यालयमा.................. दर्ता रहेको, द.नं.......... मिति..................... को अनुचित लेनदेन सम्बन्धी उजुरीका सम्बन्धमा यस समितिमा छलफल हुँदा, दुवै पक्षको मन मिली लेनदेन गरी यस उजुरीमा समेत मेलमिलाप गरी पाउँ भनि प्रस्तुत कागज लेखी लेखाई सहिछाप गरी दियौं। अब हामीहरु बीच कुनै लेनदेन बाँकी रहेको छैन।

निवेदक

विपक्षी

वास्तविक लेनदेन भएको रकम - ....

धनीले मागेको रकम -.....................

मेलमिलाप भएको रकम -................

जग्गा फिर्ता भए क्षेत्रफल...........

कित्ता संख्या.......

ठेगाना.......... ......

ईति संवत २०८.. साल................. महिना......... गते रोज........... मा शुभम्

अनुसूची (ङ)-अतिरिक्त आर्थिक सुविधा (Incentive) को लागि प्रस्ताव गरिएका जिल्लाहरु

क्र.सं.	जिल्ला
१	जिल्ला प्रशासन कार्यालय, धनुषा
२	जिल्ला प्रशासन कार्यालय, बारा
३	जिल्ला प्रशासन कार्यालय, रौतहट
४	जिल्ला प्रशासन कार्यालय, सिराहा
५	जिल्ला प्रशासन कार्यालय, महोत्तरी
६	जिल्ला प्रशासन कार्यालय, पर्सा
७	जिल्ला प्रशासन कार्यालय, सप्तरी
८	जिल्ला प्रशासन कार्यालय, सर्लाही
९	जिल्ला प्रशासन कार्यालय, रुपन्देही
१०	जिल्ला प्रशासन कार्यालय, दाङ्ग
११	जिल्ला प्रशासन कार्यालय, सुनसरी
१२	जिल्ला प्रशासन कार्यालय, नवलपरासी ढबर्दघाट सुस्ता पश्चिम)
१३	जिल्ला प्रशासन कार्यालय, मोरङ्ग
१४	जिल्ला प्रशासन कार्यालय,कैलाली
१५	जिल्ला प्रशासन कार्यालय, काठमाडौं
१६	जिल्ला प्रशासन कार्यालय, बर्दिया
१७	जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
१८	जिल्ला प्रशासन कार्यालय, सुर्खेत

अनुसूची (च)- बैंक तथा वितीय संस्था र सहकारीमा प्रचलित ब्याजदर तथा सेवाशूल्क

सम्बन्धित वैंक तथा वित्तीय संस्थावाट प्राप्त जानकारी अनुसार विभिन्न वर्गका बैंकहरूमा निम्न अनुसारको अधिकतम ब्याजदर कायम रहेको पाइयो।

नेपालमा क बर्गका बैंकहरुमा:

१. नेपाल investment मेगा बैंक
२. नबिल बैंक लिमिटेड
३. ग्लोवल Ime बैंक लिमिटेड
४. राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
५. प्रभु वैंक लिमिटेड आदि ।

यी माथिका वैंकहरुले बिगत ५ वर्षमा निम्नतम ८ प्रतिशत देखि १२ प्रतिशतसम्म ब्याज लिने गरेको पाइयो ।

नेपालमा ख वर्गका बैंकहरुमा:

१. माछापुछ्रे बिकास बैंक लिमिटेड
२. गुरास बिकास बैंक लिमिटेड
३. कर्णाली बिकास बैंक लिमिटेड आदि ।

यी माथिका बैंकहरुले बिगत ५ वर्षमा निम्नतम १० प्रतिशत देखि १५ प्रतिशत सम्म ब्याज लिने गरेको पाइयो ।

नेपालमा ग बर्गका बैंकहरुमा:

१. गुहेश्वरी मर्चेन्ट बैंक
२. समता वित्त कम्पनि आदि ।

यी माथिका बैंकहरुले विगत ५ वर्षमा निम्नतम १२ प्रतिशत देखि १८ प्रतिशत सम्म ब्याज लिने गरेको पाइयो ।

नेपालमा घ बर्गका बैंकहरुमा:

१. साना किसान विकास लघुवित्त
२. नवदुर्गा लघुवित्त
३. चीमी लघुवित्त आदि ।

यी माथिका वित्तीय संस्थाहरुले बिगत ५ वर्षमा निम्नतम १५ प्रतिशत देखि २० प्रतिशत सम्म ब्याज लिने गरेको पाइयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडबाट प्राप्त जानकारी अनुसार सहकारी संस्थामा निम्न अवधिमा अधिकतम निम्न अनुसारका ब्याजदर रहेको पाइयो।

साल	ब्याज प्रतिशत
२०७२	२० प्रतिशत
२०७३	१८ प्रतिशत
२०७४	१६ प्रतिशत
२०७५	१६ प्रतिशत
२०७६	१६ प्रतिशत
२०७७	१६ प्रतिशत
२०७८	१६ प्रतिशत
२०७९	१६ प्रतिशत
२०८०	१६ प्रतिशत
२०८१	१६ प्रतिशत
२०८२	१६ प्रतिशत

सहकारी संस्थाहरुले माथिको ब्याजदरको अलाबा सेवा शुल्क बपत थप रु. १ प्रतिशत देखि ३ प्रतिशत सम्म लिने गरेको पाइयो ।

अनुसूची (छ)- आयोगबाट जिल्लामा भएका परिपत्रहरु तथा पत्राचार

नेपाल सरकार

गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्याः- ०८१।०८२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ११५१

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति:२०८२/०२/२३
ने.सं. : ११४५

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषय : विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको च.नं. १६ मिति २०८२/०२/२२ गतेको पत्रको छायाँप्रति यसैसाथ संलग्न छ। अतः आयोगको निर्णयानुसार माग भएको विवरण तोकिएको ढाचामा आयोगको इमेल ठेगाना mtrloan.81@gmail.com मा यथाशीघ्र उपलब्ध हुने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ।

(पदम बहादुर खत्री)
शाखा अधिकृत

बोधार्थः
श्री अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग।

सम्पर्क नम्बर : ०१-४२११२६४, ०१-४२११२४०, ०१-४२११२५५
Email: officemanagementmoha@gmail.com

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

फोन नं.:०१-४२००६६६
ईमेल:mtrloan.81@gmail.com
सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:०८१/०८२
प्राप्त पत्र संख्या र मितिः-
चलानी नं: १६

मिति:२०८२/०२/२२
ने.सं. ११४५

श्री गृह मन्त्रालय,
आन्तरिक व्यवस्थापन महाशाखा,
सिंहदरवार, काठमाडौं।

विषय: परिपत्र गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आयोगको निर्णय बमोजिम आयोगको पत्र संख्या २०८१/८२, चलानी नं.०४ मिति २०८२/०१/०९ को पत्रबाट तहाँ मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयहरूमा माग गरिएको विवरण सबै जिल्लाहरुवाट प्रप्त भई नसकेको हुनाले उक्त विवरण देहाय बमोजिमको ढाँचामा आयोगको ईमेल ठेगाना (mtrloan.81@gmail.com) मा यथाशीघ्र पठाउने व्यवस्थाका लागि तहाँबाट आवश्यक परिपत्र गरिदिनु हुन आयोगको निर्णयानुसार अनुरोध छ।

देहाय :

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा मिटरव्याज सम्वन्धी प्राप्त उजुरीको विवरण संख्या	हाल सम्म फछ्र्योट संख्या	२०८१/१२/१३ गतेदेखि हालसम्म फछ्यौंट संख्या	फछ्यौट हुन बाँकी उजुरी संख्या	कैफियत

(रुपेश विश्वकर्मा)
शाखा अधिकृत

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

फोन नं.:०१-४२००६६६
ईमेल:mtrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:०८१/०८२
प्राप्त पत्र संख्या र मिति:-
चलानी नं: १०

मिति:२०८२/०२/०५
नें.सं. ११४५

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

विषय:- अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरीको प्राथमिकीकरण गरी फछ्र्यौट गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा आयोगको स्थापनापछि विभिन्न समयमा परिपत्र/पत्राचार लगायत विभिन्न माध्यमबाट जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी उजुरीहरु सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्लागत संयन्त्रबाट सकेसम्म मिलापत्रको माध्यमबाट उजुरी फछ्र्यौट गरी /गराई उजुरीको विवरण माग गरिएको। उजुरी फछ्र्यौटमा एकरुपता, सहजता र शीघ्रता प्रदान गर्न यस आयोगको मिति २०८२/०२/०४ को देहाय बमोजिमको निर्णयानुसार उजुरीको प्राथमिकीकरण गरी कार्यसम्पादन गर्न सबै जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउँनु पर्ने भएकोले तहाँ मन्त्रालयबाट पत्राचार/परिपत्र गरिदिने व्यवस्थाका लागि अनुरोध छ।

<u>देहाय</u>

जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा प्राप्त भएका निवेदन/उजुरीलाई देहाय अनुसार वर्गीकरण/प्राथमिकीकरण गरी सकेसम्म मेलमिलापको माध्यमबाट फछ्यौट गर्ने। मेलमिलाप हुन नसकेका निवेदन/उजुरीमध्ये मुलुकी अपराध संहिता,२०७४ को दफा २४९क बमोजिमको कसुर कायम गरी अनुसन्धान तहकिकात गरी प्रमाण पुग्ने भएमा अभियोग पत्र दायर गर्ने प्रयोजनका लागि जिल्ला प्रहरी कार्यालयमा पठाई दिने। प्रमाणको सर्वथा अभाव भएका अथवा झुठा, बनावटी र

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

फोन नं.:०१-४२००६६६
ईमेल:mtrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:०८१/०८२
प्राप्त पत्र संख्या र मितिः-
चलानी नं: १०

अनावश्यक हैरानी दिने नियतबाट उजुरी/निवेदन दर्ता हुन आएको हो भन्ने कुरामा संयन्त्र विश्वस्त भएको खण्डमा त्यस्ता उजुरी/निवेदन तामेलीमा राखी प्रचलित कानून वमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित पक्षलाई जानकारी दिने।

उजुरी तथा निवेदनको वर्गीकरण/प्राथमिकीकरण

जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा प्राप्त हुन आएका अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी तथा निवेदनलाई देहाय बमोजिम बर्गिकरण/प्राथमिकीकरण गरी फछ्यौंट गर्न निर्देशन दिने।

१) पहिलो प्राथमिकता
- २०८०/०४/१२ पछि लेनदेन/कारोवार भएको विषयका उजुरी/निवेदन
- ५ लाख रुपैयासम्मको कारोवार उजुरी/निवेदन
- जग्गा रजिष्ट्रेशन पारित भएको हकमा रजिष्ट्रेशन पारित गरेको जग्गा असामी (पीडित)ले नै निरन्तर भोगचलन गरेको अवस्था भएमा त्यस्ता उजुरी तथा निवेदन
- कारोवारका प्रमाण भएका (केही मात्रामा भए पनि) उजुरी तथा निवेदन,
- वास्तविक पीडित हो भन्ने कुरा संयन्त्रका पदाधिकारीलाई लागेमा,

२) दोस्रो प्राथमिकता
- २०७५/०५/०१ देखि २०८०/०४/१२ सम्म लेनदेन कारोवार भएको विषयका उजुरी/निवेदन
- ५ लाख देखि १० लाख रुपैयासम्म कारोवार भएका उजुरी/निवेदन

३) तेस्रो प्राथमिकता
- १० लाखदेखि १५ लाख रुपैया सम्मको उजुरी/निवेदन
- २०७० बैशाख १ देखि २०७५/०५/०१ सम्म

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

फोन नं.:०१-४२००१६६
ईमेल:mtrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:०८१/०८२
प्राप्त पत्र संख्या र मिति:-
चलानी नं: १0

४) अन्तिम प्राथमिकता

- १५ लाख रुपैया भन्दा माथिका सबै उजुरी/निवेदन
- २०७० वैशाख १ भन्दा अगाडि करोबार भएका सबै उजुरी/निवेदन

५) जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला स्तरीय संयन्त्र वा जिल्ला प्रहरी कार्यालयमा अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित व्यक्तिहरुले दिएको उजुरी/निवेदनका आधारमा कुनै व्यक्तिले अस्वाभाविक रुपमा लगानी गरेको वा शंकास्पद कागजात खडा गरी कानूनी स्रोत विना अस्वाभाविक आम्दानी गरेको अवस्थामा सम्पति शुद्धीकरणमा अनुसन्धान गर्न सकिने हुँदा कुनै व्यक्तिको हकमा त्यस्तो अवस्था छ वा छैन यकीन गरी त्यस्तो ऋण लगानीबाट वा शंकास्पद कागजात खडा गरी सोही आधारमा अस्वाभाविक आम्दानी गरेको भन्ने कुरा खुल्न आएमा लगानीकर्ताको नाम, ठेगाना तथा ऋणीको नाम, ठेगाना सहित त्यस्तो अनुचित लगानीको विवरण तथा सोसँग सम्बन्धित अन्य प्रमाण केही भए सो समेत यथाशिघ्र यस आयोगमा पठाई सोको बोधार्थ गृह मन्त्रालयमा दिने।

६.यस पूर्व जिल्लामा माग गरिएका विवरण जिल्लाले पठाई नसकेको भए देहाय बमोजिमको ढाँचामा आयोगको ईमेल ठेगाना (mtrloan.81@gmail.com)मा पठाउने।

देहाय

जिल्ला प्रशासन कार्यलिय र जिल्लाका प्रहरी कार्यालयमा प्राप्त उजुरीको विवरण संख्या	हाल सम्म फछ्र्यौट संख्या	२०८२/१२/१३ गतेदेखि हालसम्म फछ्र्यौट संख्या	फछ्र्यौट हुन बाँकी उजुरी संख्यात्र	कैफियत

बाबुराम रेग्मी
(अध्यक्ष)

नेपाल सरकार

गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्या:-०८१-०८२
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 9029

सिंहदरबार,
काठमाडौं, नेपाल।
मिति: २०८२।१।१०
ने.स. ११४५

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय : परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको च.नं. ०४, मिति २०८२।१।९ को पत्र आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

(मुस्कान कुमार मास्के)
शाखा अधिकृत

बोधार्थ:
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

पत्र संख्या:- २०८१/८२
प्राप्त पत्र संख्या र मिति-
चलानी नं.:- ०४

फोन नं.: ०१-४२००६६६
ईमेल: mtrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल

मिति २०८२।०१।०८

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय
सिंहदरबार

विषय: परिपत्र गरिदिने सम्बन्धमा।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९ र अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग २०८० ले कार्य सम्पन्न गरेको र अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ ले कार्यादेश बमोजिम आफ्नो कामकारवाही गरिरहेको र मिति २०८२।०१।०८ गते माननीय गृहमन्त्री श्री रमेश लेखकज्यूको समुपस्थितिमा गृह मन्त्रालयमा यस सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको कुरा विदितै छ।

उक्त छलफल कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका साथै महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयले समेत आफ्ना मातहतका निकायहरूलाई अनुचित लेनदेन (मिटरब्याज) पीडितका उजुरी/निवेदन प्राथमिकताका साथ फछ्र्यौट गर्नका लागि आयोगलाई सहयोग गर्ने विषयमा सहमति भएको छ । यस परिप्रेक्ष्यमा देहाय बमोजिमको व्यहोराको परिपत्र जिल्ला प्रशासन कार्यालयहरूलाई गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयलाई समेत दिने व्यवस्थाका लागि आयोगको मिति २०८२/०१/०४ र मिति २०८२/०१/०९ को निर्णयानुसार अनुरोध छ ।

<u>देहाय</u>

१. यस अघि गठित आयोगले पटक पटक सार्वजनिक सूचना जारी गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधानको लागि ऋण/कर्जा लिने व्यक्ति (पीडित)का तर्फबाट जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरी/निवेदनहरू आयोगको तर्फबाट सामाजिक न्यायको दृष्टिले मेलमिलाप गराई फछ्र्यौट गर्न त्यस्तो निवेदन फारम बर्ना वा

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
चलानी नं.:- ०४

फोन नं.: ०१-४२००६६६
ईमेल: mtrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल

प्राप्त भएका सबै जिल्ला प्रशासन कार्यालयमा पूर्व आयोगको तर्फबाट विवादको शान्तिपूर्ण समाधान गर्ने कार्यमा निरन्तर कार्यसम्पादन गर्ने गरी देहाय अनुसारको संयन्त्र बनाई कार्यान्वयन गरेको सन्दर्भमा सो संयन्त्रलाई केही परिमार्जन सहित पुन: सक्रिय बनाई कार्यान्वयन गर्न सामाजिक न्याय एवम् व्यवहारिक दृष्टिकोणबाट समेत उपयुक्त देखिएकोले देहाय बमोजिमको संयन्त्रलाई पुन: सक्रिय बनाई मेलमिलापको कार्य सुचारु गर्ने ।

<u>जिल्लास्तरीय संयन्त्रको संरचना</u>

- प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक
- जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक - सदस्य
- जिल्ला न्यायाधिवक्ताले तोकेको जिल्ला सरकारी वकिल कार्यालयको प्रतिनिधि -सदस्य

२. संयन्त्रले अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित दुवै पक्ष रहेको ठाउँको नगर/गाउँपालिका को प्रमुख/उपप्रमुख, वडा अध्यक्ष वा स्थानीय तहको प्रतिनिधि र आवश्यकता अनुसार अन्य कुनै पदाधिकारी वा व्यक्तिलाई तथ्य एकिन र सहजीकरणको लागि सो विवाद समाधान सम्बन्धी छलफलमा आमन्त्रित गर्न सक्ने छ।

३. अनुचित लेनदेन (मिटर ब्याज)को विषय हेर्ने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवश्यकता अनुसार सहायता कक्ष (Help Desk) र छुट्टै फाँट वा कर्मचारीको व्यवस्थापन गरेको भए जिल्ला प्रशासन कार्यालयले गर्ने व्यवस्था मिलाउने।

४. अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित नेपाल प्रहरीमा रहेका उजुरी/निवेदनहरुमध्ये अनुसन्धान तहकिकात भई अभियोग पत्र दायर भैसकेका बाहेक सबै उजुरी/निवेदनहरु नेपाल प्रहरीबाट झिकाई उक्त निवेदन/उजुरीहरु तथा जिल्लास्तरीय संयन्त्र समक्ष फछ्यौट हुन बाँकी रहेका उजुरी/निवेदन समेतको लगत तयार गरी हालसम्म प्राप्त उजुरीको संख्या, फछ्यौट भएका उजुरीको संख्या, र फछ्यौट हुन बाँकी रहेका उजुरीको संख्या खुलाई यथाशिघ्र यस आयोगमा उपलब्ध गराउने ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
चलानी नं.:- 64

फोन नं.: ०१-४२००६६६
ईमेल: mitrloan.81@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल

५. अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित पीडित तथा विवादको अर्को पक्षलाई छलफलमा भाग लिन यथोचित समय दिएर सम्बन्धमा झिकाई आवश्यकता अनुसार पूर्व आयोगले तयार गरेको फारम भर्न लगाई दुवै पक्षका बीचमा मेलमिलापको लागि छलफल गराई पीडितले न्याय प्राप्त गर्न सक्ने उद्देश्यकासाथ तिनहरुबीच प्रचलित कानून प्रतिकूल नहुने गरी मेलमिलापको माध्यमबाट यथासम्भव छिटो विवादको टुंगो लगाउने ।

६. प्रकरण नं. ५ अनुसार मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने क्रममा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरू सङ्कलन गर्ने, प्रचलित कानूनबमोजिम आवश्यक लिखतहरू झिकाउने र छानबिन गर्ने, पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्ने, अध्ययन अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने सम्मका कार्य गर्ने।

७. उपर्युक्त कामको तथ्याङ्क सहितको प्रगति विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुले नेपाल सरकार, गृह मन्त्रालयमा र यस आयोगमा मासिक रूपमा पठाउने।

बाबुराम रेग्मी
अध्यक्ष

अनुसूची (ज)- आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरु

सि.नं.	नाम	पद
1	श्री मीना अर्याल	उपसचिव, गृह मन्त्रालय
2	श्री रुपेश विश्वकर्मा	शाखा अधिकृत, गृह मन्त्रालय
3	श्री विदुर सुवेदी	नायव सुब्बा, गृह मन्त्रालय
4	श्री खिमा अर्याल	लेखापाल, गृह मन्त्रालय
5	श्री दिपेन्द्र दाहाल	क. अपरेटर, गृह मन्त्रालय
6	श्री शंकर भण्डारी	सवारी चालक, गृह मन्त्रालय
7	श्री जगत रिजाल	कार्यालय सहयोगी

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग सिंहदरवार, काठमाडौं